# लिसंखु पाखर गाउँपालिका

## गाउँ सभाको

## १३ औं अधिवेशनमा

गाउँपालिका अध्यक्ष श्री राजु लामाज्यूले प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०८०/०८१ को

# वार्षिक नीति तथा कार्यक्रम

१० असार २०८०

# लिसंखु पाखर गाउँपालिका

## गाउँ सभाको

## १३ औं अधिवेशनमा

गाउँपालिका अध्यक्ष श्री राजु लामाज्यूले प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०८०/०८१ को

# वार्षिक नीति तथा कार्यक्रम

१० असार २०८०

यस लिसंखु पाखर गाउँपालिका गाउँ सभाको १३ औं अधिवेशनमा उपस्थित गाउँसभाका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, अतिथिगण, गाउँ सभाका सदस्यहरू, सम्पूर्ण कर्मचारीहरू सुरक्षाकर्मी, पत्रकार मित्र तथा
उपस्थित सम्पूर्ण बुबा, आमा, दाजु भाइ तथा दिदीबहिनीहरू,

नेपालको संविधान, २०७२ जारी भई उक्त संविधानले व्यवस्था गरेबमोजिम देशमा संघीयता कार्यान्वयनमा आएको छ । लामो समयसम्मको आम नेपाली जनताको प्रतीक्षा, दश बर्षे सशस्त्र जनयुद्ध, २०६२/६३ को जनआन्दोलन, मधेश आन्दोलन, दुईपटकसम्म संविधानसभाको निर्वाचन भई जनताका प्रतिनिधिले नै संविधानको निर्माण गरी जारी भई सकेर हाल कार्यान्वयनमा रहेको छ। संविधानले सुनिश्चित गरेका प्रावधानहरूलाई व्यवहारतः रूपान्तरण गर्ने क्रममा द्रोसो स्थानीय तहको निर्वाचन, २०७९ सम्पन्न भई हामीले कार्यभार सम्हालेको १३ महिना पुरा भइसकेर आज हामी लिसंखु पाखर गाउँपालिकामा स्थानीय सरकारको रूपमा रही यो कार्यक्रममा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा निकै हर्षीत भएका छौँ ।

देशलाई यस स्थितिमा ल्याइ पुऱ्याउन आफ्नो प्राणोत्सर्ग गर्ने सम्पूर्ण महान् सहिदहरू, जनआन्दोलनका घाइतेहरू, द्वन्द्वपीडितहरू तथा देशमा गणतन्त्र स्थापना तथा संघीयता स्थापना गर्न अहम् भूमिका खेल्ने सम्पुर्ण अमर सहिदहरुलाई सम्झन चाहन्छौँ । संघीयता र स्थानीय सरकार मार्फत ***“गाउँ गाउँमा सिंहदरबार”***, ***“आफ्नो गाउँ आफै बनाउँ”*** जस्ता वैज्ञानिक समाजवाद उन्मुख समाजवादी गाउँ मोडेल कार्यक्रमहरूलाई मुर्तरूप दिने जिम्मेवारी हाम्रो काँधमा आएको छ । यो हाम्रो लागि अवसर र चुनौति दुवै हो । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई तल्लो निकायलाई अधिकारसम्पन्न बनाउने प्रयास गरिएको छ, जुन स्वागतयोग्य छ ।

नेपाली जनताले करिव ७० वर्ष भन्दा लामो निरन्तर संघर्ष विभिन्न जनआन्दोलन,जनयुद्ध मार्फत प्राप्त गरेको संघीय लोकतान्त्रीक गणतन्त्र नेपालले परिकल्पना गरेको संघीयता कार्यान्वयनलाई अब वैज्ञानीक समाजवादको दिशामा अगाडी बढाउनु हाम्रो सामु चुनौति छदैछ तथापी वैज्ञानिक समाजवादको परिदृश्यमा समाजवाद उन्मुख लक्ष्यमा पुग्ने बाटो सिर्जना भएको छ । सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निमार्ण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृद्धको चाहाना र हामिले निर्वाचनका क्रममा हाम्रामतदाताहरु प्रति

अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौ । यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निमार्ण सहित स्थानीय स्रोतको पहिचान गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखि जनताको लक्ष हासिल गर्न सावर्जनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

यतिबेला विश्वमा चरम आर्थिक संकट खेप्नु परेको विद्यमान अवस्थामा परम्परागत विकासको प्रकृयामा नयाँ चुनौती थप गरी विकासको गतिमा ब्रेक लगाउने अवस्था सिर्जना गरेको छ । त्यसवाट यस लिसंखु पाखर गाउँपालिका पनि अछुतो छैन । सोहि कुरालाई चिर्दै विकासको गतिविधिलाई नयाँ सोचवाट डोऱ्याउनु पर्ने परिस्थिथिति हाम्रो सामु देखा परेको छ । सोही कुरालाई मध्यनजर गर्दै आगामी आ.व. को नीति तथा कार्यक्रमलाई गाउँपालिकाको गुणस्तरीय शिक्षा,सर्वसुलभ स्वास्थ्य,रोजगारी र विकास प्रति केन्द्रित गर्ने प्रयास गरेको छु ।

**उपस्थित सम्पूर्ण महानुभावहरू,**

**अब म बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिइएका आधारहरू प्रस्तुत गर्न चाहन्छु ।**

**बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिइएका आधारहरू**

१) नेपालको संविधानले व्यवस्था गरेका मौलिक हक तथा अनुसूची ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरू

२) नेपाल सरकारको विनियोजन विधेयक,२०८० का प्राथमिकताहरू

३) नेपाल सरकारको आर्थिक बर्ष २०८०/८१ को बजेट बक्तव्य

४) बागमती प्रदेशको आर्थिक बर्ष २०८०/८१ को नीति तथा कार्यक्रम र बजेट बक्तव्य

५) नेपाल सरकारको आर्थिक विधेयक, २०८०

६) स्थानीय सरकार सञ्चालन ऐन २०७४ का प्राबधानहरू

७) स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४

८) विगत बर्षहरूमा गाउँ सभा र कार्यपालिकाबाट पारित गरेका निर्णयहरू

९) सरोकारवालाहरूबाट प्राप्त राय सुझावहरू

१०) स्थानीय राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति तथा विषयगत समितिहरूबाट प्राप्त राय, सल्लाह र सुझाबहरू

११) लेखापरीक्षण प्रतिवेदनले औँल्याएका सुझावहरू

११) दिगो विकासका रणनैतिक लक्ष्यहरू

१२) नेपालको १५ औं पञ्चबर्षीय योजना
१३) बागमती प्रदेशको पहिलो आवधिक योजना
१४) लिसंखु पाखर गाउँपालिकाको आवधिक योजना २०७९
१५) लिसंखुपाखर गाउँपालिकाको डिजिटल विस्तृत वस्तुगत विवरण ( गाउँ पार्श्वचित्र २०७९)

**दीर्घकालीन सोच**

***स्वस्थ, सुखी र समृद्ध लिसंखु पाखर***
***पर्यटन, जलस्रोत, शिक्षा र कृषिमा आधुनिकीकरण र आत्मनिर्भर***

**लक्ष्य**

लिसंखु पाखर गाउँपालिकामा रहेको प्रकृतिक स्रोत र साधनको संरक्षण र प्रवर्धन गर्ने, कृषि एवम् पशुपन्छी पेशा व्यवसायलाई व्यावसायीक एवम् आधुनिकीकरण गर्दै साना घरेलु उद्योगको विकास गर्ने एवम् पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गरी गाउँपालिकालाई आर्थिक केन्द्रको रूपमा विकास गरिने छ । यसका लागि समावेशी विकासलाई जोड दिंदै रोजगारी सिर्जना एवम् आर्थिक बृद्धि गर्ने, आन्तरिक स्रोतको अभिबृद्धि गर्दै आत्मनिर्भरता बृद्धि गर्ने, भौतिक निर्माण तथा आर्थिक पूर्वाधारको विकास एवम् रोजगारीको सृजना गर्दै गरिबी निवारणमा जोड दिइने छ । गाउँपालिकामा रहेको विद्यमान शैक्षिक अवस्थालाई सुधार गरी व्यवहारिक र गुणस्तरीय शिक्षा बनाउन प्राथमिकिकरण गरिनेछ ।

**उद्देश्य**

- दिगो विकासका लक्ष हासिल गर्न सघाउ पुऱ्याउने स्थानीय विकासका योजना तथा कार्यक्रमहरूमा उपलब्ध स्रोत साधनलाई परिचालन गर्ने ।
- सवल, सक्षम र समृद्ध गाउँपालिका निर्माणको चाहनालाई परिपूर्ति गर्न आर्थिक, सामाजिक, शैक्षिक, पूर्वाधार, वातावतरणीय र सुशासनको क्षेत्रमा उल्लेख्य प्रगति हासिल गर्दै समृद्ध गाउँपालिका निर्माण गर्ने ।

**उपस्थित सम्पुर्ण महानुभावहरू,**

**अब म यस लिसंखु पाखर गाउँपालिकाको आ.व.२०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

## १) संघीयता कार्यान्वयनः

- संघीयता कार्यान्वयन स्वरूप संविधान अनुरूप देशमा पहिलो र दोस्रो पटक स्थानीय तहको निर्वाचन भई जनप्रतिनिधि विहीन अवस्थाको अन्त्य भएको ६ वर्ष पुरा भएको छ । अवका दिनमा लिसंखु पाखर गाउँपालिकाको स्थानीय सरकारले विकट भौगोलिक अवस्थितिमा रहेको यस गाउँपालिकामा सर्वसाधारण जनताले प्रत्यक्ष अनुभुत गर्ने खालका योजना तर्जुमा गर्ने, स्थानीय जनतालाई योजना तर्जुमा साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउने, जनसहभागितामुलक,मागमा आधारित र यस क्षेत्रको माटो सुहाउँदो कार्यक्रम तथा विकास गतिविधिहरू सञ्चालन गरी यस क्षेत्रका जनताको चरम गरिवी न्युनीकरण गरी जनताको जिविकोपार्जन लाई स्तरोन्ती र उत्पादनमुलक तथा आयमुलक रोजगारी सिर्जना गर्ने गुणस्तरीय शिक्षा र सर्वसुलभ स्वास्थ्य सेवा प्रवाह गर्ने प्रमुख नीति लिइएको छ । संघीयता कार्यान्वयन संगै समाजवाद उन्मुख अर्थतन्त्र स्थापना तथा उत्पादन सँग जोडन लिसंखु पाखर गाउँपालिकाका सम्पुर्ण गाउँ टोलहरुलाई वैज्ञानिक समाजवादी *नमुना समाजवादी गाउँ टोल* विकासका कार्यक्रम सञ्चालन गर्ने प्रमुख नीति लिईएको छ ।

## २) पुर्वाधार विकास तथा भवन नियमन

- विकासको लागि लिसंखु पाखरलाई पर्खने सुविधा नभएको हुँदा विकासमा आलटाल गर्ने सुविधाबाट सम्पुर्ण स्थानीय सरकारका प्रतिनिधिहरूलाई वञ्चित गर्दै विकासमा जनप्रतिनिधिहरूको उपस्थितिलाई वढोत्तरी गर्दै लगिने छ ।
- यस विकट भुभागमा पुर्वाधार विकास गरी समृद्ध बनाउने क्रममा क्रमशः गाउँपालिका भित्रका प्रत्येक वडाहरूलाई १२ महिना सडक संञ्चालन गर्न सकिने गरी सडक स्तरोन्नती गर्ने तर्फ ध्यान केन्द्रित गरिनेछ ।
- गाउँपालिकालाई एक चक्रपथ रिङरोडले जोड्ने परिकल्पना चालु आ.व.मा गरिसकीएको हुदाँ उक्त चक्रपथ निर्माण कार्य थालनी गरिनेछ ।
- आगामी पाँच (५) वर्ष भित्रमा गाउँपालिकाको कार्यालय देखि सबै वडामा पुग्ने सडकलाई ग्राभेल, सोलिङ र कालोपत्रे गरिने नीति अनुरूप सबै वडा कार्यालय जोड्ने सडकहरूलाई स्तरोन्नती गर्ने तर्फ केन्द्रित भई विभिन्न छरिएर रहेका सडकहरूलाई सन्जालिकरण गरी गाउँपालिकामा चक्रपथ निर्माण गर्नका लागि बाँकी क्षेत्रको सडकको पहिचान भइसकेकाले सडक गुरुयोजना बमोजिम आगामी ४ वर्ष भित्र चक्रपथ निर्माणको कार्यलाई मूर्तता दिइनेछ ।

- उपभोक्ता समिति मार्फत गरिने विकास निर्माणका कार्यलाई प्रभावकारी वनाउन आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- उपभोक्ता समितिलाई विकासका योजनाहरूमा अपनत्व र स्वामित्वको प्रत्याभुत गराउन कार्य शुभारम्भ गर्दाकै वखत आर्थिक ऐनले तोकको जिम्मेवारी पुरा गराउन आवश्यक कदम चालिनेछ ।
- योजना कार्यान्वयनलाई थप प्रभावकारी बनाउन उपभोक्ता समितिका पदाधिकारीलाईलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- दिगो पूर्वाधार विकासको रणनीति अवलम्वन गर्दै गाउँपालिकाका नागरिकलाई पूर्वाधार विकास मार्फत रोजगारीको अवसर सिर्जना गर्न झोलुङगे पूलको निर्माण कार्यक्रमलाई आवश्यक्ता अनुरूप प्राथमिकरण गरी *जेठल,बन्धन पेट्कु-तौथली खोला झोलुङगे* पूल निर्माण कार्य तिव्रताका साथ अघि बढाई सम्पन्न गरिनेछ ।
- योजनाहरूको सम्झौता र भुक्तानी प्रणालीलाई सरलीकरण गर्न आगामी आर्थिक वर्ष २०८०/०८१ वाट ***उपभोक्ता समिति योजना संचालन पुस्तिका*** कार्यान्वयनलाई निरन्तरता दिईनेछ। साथै योजना सम्झौता र कार्यान्वयनलाई सहज बनाउन स्थानीय उपभोक्ताको हित प्रवर्द्धनका लागि योजना घुम्ती शिविर सञ्चालन गरिनेछ ।
- गाउँपालिकाको पूर्वाधार विकास पूर्ण तथ्यांक संकलन गर्ने उद्धेश्यले गाउँपालिका भित्र निर्माण भएका सडक खानेपानी भवन लगायत पूर्वाधारको एकीकृत अभिलेख खडा गरिनेछ ।
- जनतालाई प्रभावकारी सेवा प्रदान गर्ने उद्धेश्यले यस गाउँपालिकाको सुविधा सम्पन्न स्थायी प्रशासकीय भवनको गत आ.व.मा बहुवर्षिय ठेक्का आह्वान भई करिब ५० प्रतिशत निर्माण कार्य सम्पन्न भइसकेको छ। उक्त प्रशासकीय भवनको निर्माण कार्यलाई आगामी आर्थिक वर्ष भित्र सम्पन्न गरी स्थानीय सेवाग्राहीलाई आफ्नै स्थायी प्रशासकीय भवनवाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने प्रयत्न गरिनेछ ।
- गाउँपालिका भित्रका सबै निर्मीत भवनहरूको अभिलेखिकरण गर्ने, नयाँ निर्माण हुने भवनहरूको नक्सा पास गर्ने कार्यलाई बाध्यात्मक बनाउने, सबै घरहरूको नम्बर कायम गरी बसोबासलाई व्यवस्थित बस्ती विकास गर्ने रणनीति अपनाइनेछ ।
- यस गाउँपालिकाबाट स्वीकृत नलिईकन निर्माण भएका घर तथा भवनहरूलाई आवश्यक पहिचान गरी भवन आचारसंहिता कार्यान्वयन गराउन बाध्यात्मक बनाइनेछ । साथै समग्र घर नक्सा कार्यक्रमलाई कार्यान्वयनमा ल्याई नक्सा पास गरेर मात्र घर निर्माण गर्न लगाईनेछ ।

- टोल विकास संस्था गठन तथा दर्ता गरी गाउँपालिकाका सम्पुर्ण विकास निर्माणका कार्यहरु टोल विकास संस्था मार्फत गराउनको लागि आवश्यक टोल विकास संस्था दर्ता कार्यविधि बनाईसकिएकोमा आगामी आ.व.बाट टोल विकास संस्था गठन तथा दर्ता गरी गाउँपालिकाका सम्पूर्ण विकास निर्माणका कार्यहरु टोल विकास संस्था मार्फत गराउने नीति लिईनेछ ।
- गाउँपालिकाको आन्तरिक आय र सिमित स्रोत साधनलाई मध्यनजर गरी पुर्वाधार विकास तर्फ  प्रदेश सरकार संघीय सरकार संग समन्वय गरी निञ्जेल डाँसे सडक,बाघखोर टनम खानी धादिङ जर्देउ सडक, साङमे सडक, अत्तरपुर ताम्चे सडक, ककलिङ लकुई सडक, लकुई चिप्ले बाघखोर सडक, बन्धन वाँचि बर्णा सडक लगायतका सडकहरुलाई स्तरोन्ती गर्ने कार्यलाई प्राथामकितका साथ अघि बढाईनेछ ।
- गाउँपालिकाको महत्वपुर्ण तथा गौरबको आयोजना २१ किलो लिसंखु वाफल जोडने सडक गाउँपालिकाको कार्यालय सम्म कालोपत्रे भईसकेको अवस्था छ । आम लिसंखु पाखर वासीको दैनिक जिवन यापन र यातायात सहजता गराउने उद्देश्यले  उक्त सडक कार्यलाई संघ र प्रदेश सरकार संगको समन्वय र सहयोगमा आगामी ५ वर्ष भित्र कालोपत्रे गर्ने निति लिईनेछ ।
- गाउँपालिकामा निर्माण गरिने सामुदायिक भवनहरुलाई एकरुपता र प्रभावकारी तथा समुदायमा उपयोगी बनाउने उद्देश्यले आगामी आ.व. बाट भवन निर्माण सम्बन्धी मापदण्ड २०८० कार्यान्वयमा ल्याई भवन निर्माण कार्यलाई व्यवस्थित बनाईनेछ ।
- गाउँपालिका भित्र स्वयम श्रमिहकरुले निर्माण गरेका संरचनाहरुको आवश्यक अध्ययन गरी श्रमदानलाई प्रोत्साहन कार्यक्रम कार्यान्वयनमा ल्याईनेछ ।
- गाउँपालिकामा उपभोक्ता मार्फत निर्माण गरिने भौतिक पुर्वाधार विकास निर्माणका कार्यहरु प्रति उपभोक्ता समितिहरुको जवाफदेहिता र जिम्मेवारी अभिवृद्धि गर्न प्रत्येक योजनाको ५ प्रतिशत रिटेन्सन मनि काट्ने कार्यक्रम कार्यान्वयनमा ल्याईनेछ ।

## ३) सामाजिक विकास तथा सामाजिक न्याय

- गाउँपालिका भित्र दर्ता भएका सम्पुर्ण देवानी प्रकृतिका मुद्दाहरूलाई छिटो र छरितो ढंगले छिनोफानो गरी पिडितलाई न्याय प्रदान गर्न आवश्यक ऐन, नियमहरूको निर्माण कार्यलाई तिव्रता प्रदान गर्दै न्यायिक समिति मार्फत सत्यको अन्वेषण गर्ने कार्यलाई थप प्रभावकारी वनाई सभ्य र शान्त समाजको निर्माणको अभियानलाई प्राथमिकतामा

राखिनेछ। न्यायिक निरूपणको लागि यसै आ.व देखि न्यायिक इजलास निर्माण सम्पन्न गरी न्यायिक निरूपणको कार्यलाई थप व्यवस्थित बनाइनेछ।

- समाजमा रहेका विविध जातजाती, लिङ्ग, भाषा, संस्कृति र धर्मको वीचमा रहेका संकिर्णताहरूको अन्त्य गरी सामाजिक सद्भाव र एकता कायम गराउन साझा सामाजिक भावना पैदा गराउन आवश्यक जागरण अभियानको शुरुवात गरिनेछ
- दिगो विकासका लागि न्यायमा सबैको पहुँच स्थापित गर्दै शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन गर्न प्रयत्न गरिने छ।
- न्यायिक समितिको कामलाई चुस्त दुरुस्त र विश्वसनीय बनाइने छ।
- मेलमिलापकर्ताको थप उत्पादन र क्षमता विकास गरिने छ।
- विवादलाई मेलमिलापको माध्यमद्वारा समाधान खोजिने छ।
- न्यायिक इजलास थप प्रभावकारी बनाइने छ।
- न्यायिक समितिमार्फत दिने कानुनी सेवा सरल सहज बनाइने छ।
- संविधानले तोके बमोजिम स्थानीय सरकारले निर्माण गर्नुपर्ने ऐन, नियमावली र कार्यविधिहरू क्रमिकरूपमा तयार गरी सभामा पेश गरिने छ।
- सामाजिक सुरक्षा प्राप्त गर्ने व्यक्तिहरूको विवरण अनलाइन प्रणालीमा अद्यावधिक गरिनेछ। यस कार्यक्रम संघीय सरकार मार्फत सञ्चालन हुने भएपनि लाभग्राहीहरूको विवरण अनलाइन अद्यावधिक गर्नुका साथै सामाजिक सुरक्षा रकम समयमा नै प्राप्त गर्ने व्यवस्था मिलाउदै सार्वजनिक स्थानमा सुचना टाँस गरी सोको जानकारी सर्वसाधारण नागरिक सम्म पुर्‍याउने व्यवस्था पुर्ण रूपमा पालना गर्ने नीति अवलम्वन गरिनेछ।
- गाउँपालिकाको सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रक्रिया विद्युतीय प्रणालीमा चालु आ.व वाट गईसकेको अवस्थामा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढिकरण आयोजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरी थप व्यवस्थित बनाइनेछ।
- न्याय सम्पादनको लागि ऐन नियम तथा कानुनहरू आवश्यकता अनुरूप निर्माण तथा परिमार्जन गरिनेछ।

## ४) खानेपानी , सरसफाई  तथा फोहरमैला व्यवस्थापन

- गाउँपालिका भित्रका चुनौतीको रूपमा रहेको खानेपानी अभावको अन्त्य गरी जनतालाई सुरक्षित खानेपानीको प्रवन्ध मिलाउनका लागि पहल गरिनेछ ।
- खानेपानीको अभाव भएका वस्तीहरूमा स्वच्छ खानेपानीको सुविधा उपलब्ध गराउन खानेपानी आयोजनाहरू सञ्चालन गरिनेछ ।
- फोहोरमैला व्यवस्थापन गर्ने, खानेपानीको शुद्धीकरण गरेर मात्र पिउने, सरसफाईमा ध्यान दिने संस्कारको विकास गर्ने तथा यस सम्बन्धमा ***एक घर एक धारा*** को नीतिलाई मुर्तता दिन कार्यक्रमहरू संचालन गरिनेछ । यसका लागी पानीका मुहानहरूको अभिलेखिकरण गर्दै DPR निर्माणलाई तिव्रता दिइनेछ ।
- गाउँपालिका भित्र रहेका खानेपानि तथा सरसफाईको समुचित व्यवस्थापनको लागि आवश्यक समिति/संस्थालाई जिम्मेवारी हस्तान्तरण गरिने नीति अनुरूप गाउँपालिका स्तरिय खानेपानी उपभोक्ता समिति निर्माण गर्ने प्रक्रियालाई द्रुतता प्रदान गरिनेछ ।
- गाउँपालिकाको खानेपानीमा भएको समस्याको सामाधान गर्न खानेपानी मुहान दर्ता नीति अवलम्बन गरिनेछ ।
- रोजगारी श्रृजना गर्ने अभिप्रायले गाउँपालिका भित्र प्लम्बर सम्बन्धी आवश्यक तालिम व्यवस्थापनका लागि पहल गरिनेछ ।
- गाउँपालिका खुला दिसा मुक्त क्षेत्र घोषणा भईसकेको सन्दर्भमा सार्वजनिक स्थलमा शौचालय व्यवस्थापन गर्नुपर्ने नेपाल सरकारको नीति अनुरुप जिरी सडक खण्ड अन्तर्गत यात्रु तथा सर्वसाधारणको सुविधाको लागि विशेष गरी राजमार्ग क्षेत्रमा आवश्यकता हेरी *सार्वजनिक शौचालय निर्माण* गर्ने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिकाको फोहरमैला व्यवस्थापनका लागि चालु आ.व.मा *फोहोरमैला व्यवस्थापन केन्द्र स्थापनाका* लागि सम्भाव्यता अध्ययन गरिसकिएकोमा *फोहोरमैला व्यवस्थापन केन्द्र स्थापनाका* का लागि गाउँपालिकाको उपयूक्त स्थान छनौट गरी यसको डिपिआर निर्माण कार्य सम्पन्न गरिनेछ ।

## ५) उर्जा जलस्रोत तथा सिचाईं

- वनजंगल तथा वातावरण जोगाउन वैकल्पिक उर्जामार्फत दाउराको प्रयोगलाई क्रमश: विस्थापन गर्ने नीति लिइनेछ ।
- ***हरेक घर उज्यालो घर*** कार्यक्रम संचालन गरी विद्युतको भरपर्दो व्यवस्था गर्न लघु जलविद्युत आयोजनाहरूलाई सञ्चालनमा ल्याई स्थानीय जनतालाई विद्युत उपभोगको प्रवन्ध मिलाउनेतर्फ उर्जा मन्त्रालय, नेपाल विद्युत प्राधिकरण तथा अन्य दातृ निकायहरूसँग सहकार्य गरी यस गाउँपालिकाको अवको पाइला लघुजलविद्युत उत्पादन तर्फ केन्द्रित हुनेछ । यसका लागि सम्भाव्यता अध्ययन गरी ***"नेपालको पानी जनताको लगानी"*** भन्ने संघिय सरकारको नीती अनुरूप स्थानीय व्यक्तीहरूको लगानीलाइ प्रोत्साहन गरिनेछ । साथै विद्युतबाट प्राप्त रोयल्टी उपयोग गरी विभिन्न सार्वजनिक स्थानहरूमा सौर्य वत्तिको जडान मार्फत उज्यालो लिसंखु पाखरको अभियानलाई तिव्रताका साथ अघि वढाईनेछ ।
- वैकल्पीक उर्जाको अभावका कारण वर्षेनि हजारौं रुखहरू विनाश भई वातावरणमा उच्च जोखिम आउने हुनाले वैकल्पीक उर्जाको स्रोतहरूको खोजी तर्फ पहल कदमी गरी अवैध रुख कटानलाई निरुत्साहित गर्दै वनक्षेत्र विस्तार कार्यक्रमहरू संञ्चालन गर्ने व्यवस्था गरीनेछ ।
- *हरित विद्यालयको अवधारणा*लाई प्राथमिकताका साथ अगाडी वढाईनेछ ।
- वातावरणीय सन्तुलन र मानवीय सुरक्षा लगायतका विषयमा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- प्राकृतिक प्रकोपसँग जुध्न सक्ने खालका कार्यक्रम सञ्चालन गर्ने, नदीनियन्त्रण, पहिरो नियन्त्रण, जलाधार संरक्षण, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण लगायतका विषयलाई महत्वका साथ सम्बोधन गरिनेछ ।
- सडक गाउँ वस्ति उज्यालो र सुरक्षित बनाउन क्रमिक रूपमा सौर्य बत्तीको विस्तार गर्दै लगिने छ ।
- झाडीबाट प्राप्त कच्चा पदार्थबाट वायोग्यास उत्पादन गर्न पहल गरिने छ ।
- लुकिछिपी गैह्रकानुनी किसिमबाट विद्युत चोरी गर्ने कार्य न्यूनीकरणका लागि केवुल लाइन राख्न पहल गरिने छ ।
- गाउँपालिकाको बहुचर्चित र गौरबको आयोजना च्याउचीवेसी सिचाँई आयोजना लाई आगामी आ.व.भित्र सम्पन्न गरी स्थानीय बासीको सिचाँई समस्या हल गर्ने नीति लिईएको छ ।

- गाउँपालिकाको खानेपानी समस्यालाई सम्बोधन गर्ने हेतुले आगामी ५ वर्ष भित्र समग्र गाउँपालिकाका सबै वडाहरुकका प्रत्येक घरघरमा धारामा खानेपानी व्यवस्थापन गर्न नारगाँउ निगाले, ज्यालीखोला,१८ किलो लामा टोल, पेङगाल खानेपानी, अत्तरपुर खानेपानी आयोजना प्राथमीकताका साथ आगामी आ.ब.मा सम्पन्न गरिने नीति लिईएको छ ।

## ६) आर्थिक प्रशासन तथा राजश्व

- करको दर वढाएर भन्दा करको दायरा फराकिलो वनाएर आन्तरिक आम्दानी वढोत्तरी गर्न सकिन्छ भन्ने नीतिलाई अवलम्वन गर्दै गाउँपालिकाको यथेष्ठ आन्तरिक आम्दानीलाई संघिय सरकार र प्रदेश सरकारको अनुदान संग मिश्रण गरी विकासका प्रत्येक आयामहरूमा सफलताको खोजी गर्दै अघि वढ्ने अभियानको शुरुवात गरिनेछ ।
- यस क्षेत्रमा उठ्ने राजस्वलाई थप व्यवस्थित गरी राजस्व परिचालन तथा राजस्व चुहावटको नियन्त्रणमा जोड दिई हुन सक्ने सम्भावित राजश्व चुहावटलाई रोक्न शुक्ष्म निगरानी गरी दोषीलाई कारवाहीको दायरामा ल्याईनेछ ।
- यस क्षेत्र वाट उठ्ने राजस्व वाँडफाँडको लागि संघीय सरकार, प्रदेश सरकार तथा अन्य विभिन्न निकायसँग समन्वय गरिनेछ ।
- आर्थिक पारदर्सिता र वित्तिय अनुशासन कडाईका साथ लागु गर्न कर्मचारी तथा जनप्रतिनिधिहरूलाई क्षमता अभिवृद्धि तथा सक्षमता विकास गर्ने खालका तालिम गोष्ठि तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्दै लगिनेछ ।
- बेरुजु न्यूनिकरण गर्ने र बेरुजू फछ्र्यौटलाई पालिकाले आगामी आर्थिक वर्ष देखि *वित्तिय सुशासन अभियानको* रूपमा सञ्चालन गरिनेछ ।
- पालिकाको आन्तरिक आय श्रोतलाई बढोत्तरी गर्ने अभिप्रायले प्राप्त आन्तरीक राजश्व अधिकार र परिचालनको अवस्थालाई सुदृढिकरण गरी कर तथा राजस्व परिचालन सम्बन्धि आवश्यक नीतिगत व्यवस्था मार्फत करको नीतिलाई अवलम्बन गरी *राजस्व सुधार कार्ययोजना* कार्यान्वयन लाई निरन्तरता गरिनेछ ।
- नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को आधारमा लिसंखु पाखर गाँउपालिकाको आर्थिक ऐन, प्रचलित ऐन कानुन तथा नेपाल सरकारद्वारा जारी गरिएका नीति र मार्गदर्शन बमोजिम राजश्व संकलनलाई व्यवस्थित गरी राजश्व अभिवृद्धि गर्ने नीति लिइनेछ ।

- अर्थतन्त्रका तीन स्तम्भहरू सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई सहभागिता, स्वःस्फुर्त विकास र परिपूरक भूमिकामार्फत गाउँपालिकाको अर्थतन्त्रलाई सुदृढ गर्दै समृद्धिको मार्गतर्फ आर्थिक नीतिहरू केन्द्रित गरिने छ ।
- व्यवसाय दर्ता, प्यान, भ्याटमा दर्ता, सरकारले लिने कर राजश्वका विषयमा जनचेतना जगाउन सम्बन्धित कार्यालयको सहयोगमा गा.पा. भित्र अभियानको रूपमा अभिमुखीकरण शिविर सञ्चालन गर्न पहल गरिने छ । साथै पालिका भित्रका सबैभन्दा बढी कर बुझाउने फर्म, व्यक्तिहरू छनोट गरी पुरस्कारको व्यवस्था गरिने छ ।
- गाउँपालिका भित्रका सम्पुर्ण व्यापार व्यावसाय तथा उद्यमी गर्ने सम्पुर्ण पसल व्यावसायी हरु लाई पहिचान गरी दर्ता प्रकृयामा ल्याउन बाध्यात्मक नीति ल्याईनेछ साथै राजश्वको दायरा फराकिलो बनाउन बजार अनुगमन कार्यलाई व्यवस्थित बनाइनेछ ।
- आन्तरिक आय व्यवस्थापन,प्राकृतिक स्रोत बिक्री सम्बन्धि ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याईनेछ ।
- कर प्रशासनलाई सुचनामैत्रि एंव करदातामैत्रि तुल्याउदै लगिनेछ ।
- करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरुस्कृत तथा सम्मानित गर्ने नीति लिईनेछ ।
- करदाताको कर लगतलाई व्यवस्थित,पारदर्शि र प्रभावकारी रुपमा उपयोग गर्न, करदातालाई कर सम्बन्धि सुचना प्रवाह गर्न *डिजिटल कर प्रणाली* लागु गरिनेछ ।

## ७) लैङ्गिक समानता,समाज कल्याण तथा सामाजिक समावेशीकरण

### क) महिला

घरपरिवार सञ्चालन व्यवस्थापनमा सबैभन्दा धेरै काम महिलाहरूले गरेको पाइन्छ । जुन घरको महिला सक्षम हुन्छन त्यो घर परिवार पनि धेरै हदसम्म सवल, सक्षम र समृद्ध हुन्छ । समाजका सबै महिलालाई सवल, सक्षम र समृद्ध बनाउन सकियो भने वडा र गाउँपालिकावासीको जीवन समुन्नत, समृद्ध बनाउन सकिन्छ भन्ने मान्यतका साथ निम्न कार्यक्रम सञ्चालन गरिने छ ।

- महिलाहरूको आर्थिक सामाजिक राजनैतिक सशक्तीकरणका लागि सीप, क्षमता, नेतृत्व तथा व्यक्तित्व विकासका कार्यक्रमहरू सञ्चालन गरिने छ ।
- ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्ग नागरिकलाई कदर/सम्मान गरिने छ ।
- लैङ्गीक हिंसा नियन्त्रण र हिंसाका घटना व्यवस्थापनमा सामुदायिक संयन्त्रहरूलाई सशक्त रूपमा परिचालन हुनेछन्।

- स्थानीय महिलाद्वारा उत्पादित व्यवसायी उत्पादनलाई प्रोत्साहित गर्न राष्ट्रिय बजारसम्म पहिचान गराउने नीति लिइनेछ ।
- महिला अधिकार एवम् क्षमता विकास कार्यमा महिला सञ्जालसँग सहकार्य गरिने छ ।
- गर्भवती महिलाहरुका लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संञ्चालन गरिनेछ ।
- महिला उद्यमशिलता विकासका लागि महिलाद्धारा प्रवर्द्धित व्यावसायमा निश्चित प्रतिशित कर छुटको व्यवस्था गरिनेछ ।

**ख) बालबालिका**

- सबै प्रकारका बालश्रम अन्त्य गर्न पहल गरिने छ ।
- बालबालिका माथि हुने सबै प्रकारका हिंसा, शोषण र दुर्व्यवहार अन्त्यगरिने छ ।
- सबै बालबालिकालाई विद्यालयमा पहुँच पुऱ्याइने छ ।
- मानव बेचबिखन र बाल -बिवाहमुक्त गाउँपालिका बनाउन प्रयत्न हुने छ ।
- जन्म भएका बालबालिकालाई सम्मान कार्यक्रम सञ्चालन गरिने छ ।
- हरेक वडामा एउटा *बाल उद्यान निर्माण अभियान* संचालन गरिनेछ ।
- पालिकास्तरीय तथा वडास्तरीय बाल क्लव संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

**ग) अपाङ्ग**

- अपाङ्ग भएका सबै व्यक्तिलाई परिचय पत्र प्रदान गरिने छ ।
- पूर्ण अपाङ्गता भएका व्यक्तिहरूलाई पुनस्थापनाको लागि पहल गरिने छ ।
- आंसिक अपाङ्गता भएका व्यक्तिहरूलाई सीप विकासका कार्यक्रम सञ्चालन गरिने छ ।
- अपाङ्गता भएका व्यक्तिहरूमाथि हुने सबै प्रकारका दुर्व्यवहारको अन्त्य गरिने छ ।
- अपाङ्गता पुनस्थापनाका लागि *पुनर्स्थापना गृह स्थापना* गरिनेछ ।

## घ) ज्येष्ठ नागरिक

- ज्येष्ठ नागरिकहरूलाई सम्मानजनक व्यवहार गर्न परिवार, समुदाय र युवा पुस्तालाई अभिप्रेरित गरिने छ ।
- कानुन प्रदत्त हक अधिकार र सेवामा पहुँच पुऱ्याउन सरकारवालासँग समन्वय र सहकार्य गरिने छ।
- ६० वर्ष पुगेका सबै ज्येष्ठ नागरिकलाई परिचय पत्र वितरण गरिने छ । महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूको पालिकास्तरीय समिति, सञ्जाललाई सकृय बनाई लक्षित समूह विशेषका कार्यक्रमहरू कार्यान्वयन गरिने छ
- विकासका गतिविधिहरूमा महिलाको शत प्रतिशत सहभागीतालाई सुनिश्चत गर्न कुनैपनि योजना कार्यान्वयनको लागि महिलाहरू मात्र सम्मिलित उपभोक्ता समिति दर्ता भई योजना सम्पन्न गर्न चाहेमा नियमानुसार गर्नुपर्ने लागत सहभागिता र धरौटी र सिफारिस रकममा ५० % छुटको व्यवस्था प्रदान गरी विकासमा महिला अपनत्वलाई प्रवर्द्धन गर्दै लगिनेछ ।
- ज्येष्ठ नागरिक परिचय पत्र वडास्तरबाटै नै उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

## ङ) सामाजिक समावेशीकरण

- सबै प्रकारका छुवाछुत,सामाजिक कुरीति,अन्धविश्वास,लैङ्गिक विभेद र हिंसा निराकरण गर्न टोल विकास संस्था मार्फत सामाजिक परिचालनका कार्यक्रमका सञ्चालन गरी सामाजिक सहिष्णुता र सौहार्दयता सहितको समतामुलक समाजको आधार तयार गरिनेछ ।
- गाउँपालिकाबाट गठन गरिने विषयगत तथा अन्य समिति,उप समिति,कार्यदल गठन गर्दा कानुनले निर्दिष्ट गरेको समानुपातिक समावेशीता कायम गरी निर्णय प्रकृयामा समेत समावेशी सहभागिता सुनिश्चित गरिनेछ ।
- *बालबालिका पुनर्स्थापना केन्द्र,जेष्ठ नागरिक आश्रय केन्द्र, अशक्त स्याहार केन्द्र स्थापना र सञ्चालन* गरिनेछ ।
- हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिईनेछ । पारिवारिक हिंसाद्धारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ ।

- हिंसा पिडित महिला तथा बालबालिकाको लागि *एकद्वार संकट व्यवस्थापन केन्द्र* स्थापना गरिनेछ ।

## ८) कृषि तथा पशु पन्छी विकास

*बनौँ आत्मनिर्भर गाउँपालिकावासी, बढाऔँ उत्पादन र स्वरोजगारीको* मान्यताका साथ हाम्रो सबै जमिनलाई उर्वर बनाऔँ, कृषि र पशुपंक्षी पालनलाई व्यावसायिकरण गरौँ, उत्पादित वस्तुहरूको प्रशोधनमा जोड दिउँ भन्ने अवधारणलाई कार्यान्वयन गर्न निम्न कार्यक्रमहरु संचालन गरिने छ ।

- कृषि तथा पशु-पंक्षी पालनलाई आधुनिकीकरण, यान्त्रीकरण र व्यावसायिकरण गर्दै उत्पादकत्व बृद्धि गरी यस क्षेत्रलाई अर्गानिक तरकारी, खाद्यान्न, दुध र मासुजन्य पदार्थमा आत्मनिर्भर बनाउने नीति लिइने छ ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गत सिक्रे, ताम्चे, चिप्ले, तीनचोक, निगाले, तमाखुबारी, बन्धन भेडाखोर क्षेत्रलाई आलु पकेट क्षेत्र र ठूलोधादिङ्गको डाँसे क्षेत्रलाई सुन्तला पकेट क्षेत्रको रुपमा विकास गर्ने नीति लिइने छ ।
- कृषि एवम् पशुपालनलाई व्यावसायिक एवम् यान्त्रिकरण गर्न कृषकको समेत सहभागितामा यन्त्र, उपकरण, बिउ, बिरुवा, पशुपंक्षीमा बिमा अनुदान दिने नीतिलाई निरन्तरता दिइने छ ।
- धान खेतीका लागि वडा नं १, २ र ६, आलु र तरकारी खेतीका लागि वडा नं. ३, ४ र ५, मकै खेतीका लागि वडा नं.७ लाई प्रोत्साहित गरी व्यावसायिक उत्पादन बृद्धिमा जोड दिईने छ ।
- त्यस्तै फलफुलतर्फ वडा नं. १ मा सुन्तला, जुनार, कागती, किवी, वडा नं ४ मा किवी, वडा नं ५ मा किवी, आलुचा, वडा नं.६ मा सुन्तला र वडा नं.७ मा सुन्तला,कागती फलफूल खेतीलाई क्रमिक रूपमा व्यावसायिकरण गर्दै लगिने छ ।
- कृषि उपज राख्ने चिस्यान केन्द्रको निर्माण प्रक्रिया अगाडि बढेकोमा त्यसलाई सम्पन्न गरिने छ ।
- पशु पंक्षी व्यवसायमा वास्तविक किसानको पहुँच पुऱ्याउन कृषक समूह, सहकारी संस्थाको सिफारिसमा कृषि तथा पशु विकासमा सहयोगका लागि अध्यक्ष उद्यमशीलता विकास कार्यक्रम मार्फत सहुलियत ऋणको व्यवस्था गरी दुग्ध तथा मासु उत्पादनमा आत्मनिर्भर हुने नीति लिइने छ । जसबाट गाई-भैसी, कुखुरा-बाखा र बंगुर पालन लाई

व्यावसायीकरण गर्ने र दुग्ध व्यवसायलाई प्रवर्धन गर्न सहकारी संस्थाहरुलाई डेरी स्थापना गर्न आवश्यक पर्ने सामाग्री अनुदान दिने नीति लिइने छ ।

- कृषि र पशुपंक्षी उपचार एवम् परीक्षणसँग सम्बन्धित पालिकास्तरीय १/१ वटा ल्याबको व्यवस्था मिलाउन प्रयत्न गरिने छ ।
- कृषि तथा पशु वस्तुहरूको बीमा गर्न जागरण तथा सचेतना अभिवृद्धिमूलक कार्यहरू गरिने छ । सबै व्यवसायिक कृषकहरूलाई बिमा गर्न सहजीकरण गरिने छ ।
- वास्तविक किसानको पहिचान खुलाउन कार्यपालिकाबाट कार्यविधि तयार गरी किसान परिचय-पत्र प्रदान गर्ने कार्य सुरुवात गरिएकोमा आगमी आ.व.मा निरन्तरता दिइनेछ।
- गाउँपालिकाले आफ्नै एउटा कृषि फर्म स्थापना गर्न पहल कदमी लिने छ ।
- किसानलाई व्यावसायिक बनाउन मागमा आधारित तालिमको व्यवस्था मिलाइने छ ।
- सबै वडामा कृषि-पशु प्राविधिकको व्यवस्था गर्न पहल गरिने छ । कार्यविधि बनाई कृषकका घर गोठ, खेत बारीमा प्राविधिक सेवा पुऱ्याउने नीति लिइने छ ।
- खाद्य संकटलाई ध्यानमा राखी बाँझोजग्गा उत्पादनशील बनाउन भू उपयोग नीति अवलम्बन गरिने छ । बाँझो रहेको खेत बारीमा खाद्यान्न उत्पादन गर्ने व्यक्ति, समूह तथा फर्मलाई प्रोत्साहित गर्न कार्यविधि बनाई सहुलियत ऋण र अनुदानको व्यवस्था मिलाइने छ । न्यूनतम् २५ रोपनीमा खेती गर्नेलाई रु. २५,०००।- सोभन्दा माथि व्यवसाय गर्न चाहेमा साझेदारी कोषबाट प्रोत्साहन स्वरूप प्रति रोपनी रु. १०००।- का दरले थप गर्दै अधिकतम रु. १,००,०००।- सम्म प्रदान गरिने छ ।
- वन्यजन्तुले कृषि बालीमा पुऱ्याउने हानी नोक्सानीलाई न्यूनीकरण गर्न विभिन्न उपायहरूको खोजी गरिने छ ।
- प्राकृतिक प्रकोपबाट कृषि बालीमा धेरै हानी नोक्सानी भएको अवस्थामा सो को असर कम गर्न आवश्यक कार्य गरिने छ ।
- सामुदायिक अध्ययन केन्द्रमा कृषि पुस्तकालयको व्यवस्था मिलाइने छ ।
- यस गाउँपालिका भित्रको सातै वटा वडाको कृषि योग्य जमिन,हावापानी,माटोको अवस्था,सिंचाईको अवस्था, कृषि सडकको अवस्था बारेमा विज्ञ टोली खटाई विस्तृत अध्ययन गरि हावापानी र माटो सुहाउँदो कृषि तथा पशुपालन व्यावसाय गर्न किसानहरुलाई सुसुचित गरि उपयुक्त कृषि कार्यक्रमहरु संचालन गरिने छ ।
- जैविक तथा प्राङ्गारिक मललाई,प्रोत्साहन गरि अर्गानिक खेतिलाई महत्व दिईने छ । रासायनिक मलको खपत न्यूनिकरण गरि गोठेमल,हरियोमल,कम्पोष्टमल,उत्पादनलाई प्राथमिकता दिई माटोको उर्वरा शक्तिलाई बृद्धि गरिने छ ।

- यस गाउँपालिका भित्र उत्पादन हुने आलु, टमाटर,फलफुल लगायतका कृषि जन्य उत्पादनको बजारीकरण अवस्था लाई ध्यानमा राखि आवश्यक (Cold store) निर्माण गरि केहि समय -Hold गरि बजारिकरण गर्ने व्यवस्था मिलाईने छ ।
- हरेक वडामा कृषि उपज संकलन केन्द्र निर्माण गर्ने कार्यलाई निरन्ततरता दिईने छ । उत्पादित हरियो तरकारी बजारीकरणका लागि *नि:शुल्क तरकारी ढुवानी सेवा*लाई कृषि एम्वुलेन्स सेवामा विस्तार गरी पालिकाका सातै वटा वडामा विस्तार गरिने छ ।
- खेति योग्य जमिन बाँजो राख्ने प्रबृतिलाई न्यूनिकरण गर्दै सामुहिक खेति कार्यक्रम संचालन गरि युवा पुस्ता, शैक्षिक वेरोजगार तथा विदेशिन तयार जनशक्तिलाई कृषि पेशामा *अनुदान तथा प्रोत्साहन कार्यक्रम* संचालन गरिने छ ।
- माटो परिक्षणको लागि डिजिटल मेसिन सहित माटो ल्यावको व्यवस्था गरिने छ ।
- लिसंखु पाखर गाउँपालिकाको,जनसंख्या,कृषि तथा पशुपालन व्यवसायमा आवद्ध जनसंख्या,शैक्षिक वेरोजगारीको संख्या, दक्ष अदक्ष कामदार,डकर्मी,सिकर्मी,व्यावसायी सुचिकार,लगायत सम्पूर्ण जनशक्ति पहिचान गरि लक्षित कार्यक्रम संचालन गरिने छ।
- एक विद्यालय एक कृषि कार्यक्रम मार्फत सरकारी विद्यालय छनौट गरि विद्यालयमा खाली रहेको जग्गामा विभिन्न कृषि कार्यक्रम संचालन गरी आगामी बर्षहरुमा कृषि प्राविधिक विद्यालय स्थापना गरिने नीति लिईएको छ ।
- यस लिसंखु पाखर गाउँपालका भित्र उत्पादन गरिने आलु ,तरकारी, तथा खाद्यान्न बालीको बीउ प्रमाणीकरण, *वीउ बैङ्क स्थापना, रैथाने बालीको संरक्षण* तथा उत्पादित वस्तुको ब्रान्डीङ गरी बजारीकरण गरिने छ ।
- बार्षिक १०,००० फलफूलको विरुवा उत्पादन गर्ने क्षमता भएको नर्सरी स्थापना गरि फलफुल क्षेत्रमा आत्मनिर्भर तथा उत्पादित *फलफुलको प्रशोधनको लागि प्रशोधन केन्द्रको स्थापना* गरिने नति लिएको छ ।
- व्यवसायिक तरकारी खेति कार्यलाई प्राथमिकतामा राखि युवाहरुलाई कृषि पेशामा रोजगारीको सिर्जना गराई व्यवसायिक खेति गर्नको लागि प्रोत्साहन गरिने नीति लिएको छ ।
- विभिन्न वडाहरुमा औषधी उपचार सेवा सहितको पशु पन्छी उपचार केन्द्र स्थापना गरी सेवा प्रवाह गर्ने व्यवस्था मिलाइने छ ।
- *दिवा खाजामा रैथाने बाली, ३ विद्यार्थी एक करेसा बारी अभियान अन्तर्गत* सामुदायिक विद्यालयमा दिदै आएको दिवा खाजामा रैथाने बालीका परिकार समावेश गर्न पहलकदमी गरिनेछ जसका लागि विद्यार्थीको सानो समूहलाई हेरचाह

गर्ने र प्रयोग गर्ने हिसाबले विद्यालय नजिकै उपयुक्त आकारको करेसा बारी उपलब्ध गराइनेछ ।

- *युवाको उर्जा लिसंखुको औंजार* भन्ने मिसन कार्यक्रम अन्तर्गत बाँझो जग्गा सदुपयोगका गर्न पालिकाको मातहतमा खनजोतका लागि आवश्यक *मेसिनरी औंजारयुक्त कष्टम हायरिङ्ग सेन्टर* स्थापना गरि उत्पादन भूमि खोजी रहेका वा उत्पादन क्षेत्र विस्तार गर्न चाहने युवाहरुलाई विशेष सहुलितमा मेसिनरी उपकरणहरु करारमा उपलब्ध गराईनेछ ।
- निर्धक्क फलाउ सुनिश्चित छ खरिद भन्ने अभियान अन्तर्गत रैथाने वाली आलु,निउरो, टिमुर, सिस्नो, कोदो, कागुनो, उवा, जौ, फापर लागायतका उत्पादनलाई प्रोत्साहन गर्न उचित ब्राण्डिङ्गका साथ buy-back guarantee को व्यवस्था मिलाईनेछ।
- दुग्ध उत्पादनमा पालिकालाई आत्मनिर्भर एवं व्यावसायिक बनाउन गाई, भैंसीको नश्ल सुधार एवं उत्पादकत्व वृद्धिका लागि *कृत्रिम गर्भाधान* कार्यक्रलाई मिसन कार्यक्रमका रुपमा सञ्चालन गरिनेछ ।
- पालिका भित्रिने कृषि, पशुपन्छी, मत्स्य लगायत अन्य खाद्य सामग्रीको जाँचबुझ गरि अभिलेख राख्ने व्यवस्था र यस विषयमा **तथ्याङ्क** संकलन र अद्यावधिक कार्य गरिनेछ ।
- समाजवाद उन्मुख अथर्तन्त्रलाइ स्थानीयकरण गरी कृषि उत्पादन संग जोडन सामुहिक समाजवादी मोडलका कम्तीमा ३ वटा *सामुहिक समाजवादी कृषि उत्पादन केन्द्रहरू स्थापना* गरिनेछ ।

## ९) संस्कृति तथा पर्यटन

- सशस्त्र जनयुद्ध तथा विभिन्न जनआन्दोलनबाट सहादत प्राप्त गरेका सहिद सन्तती तथा घाईते अपाङ्गबाट प्रभावित व्यक्तिहरूको सामाजिक जिवन प्रर्वद्धनका लागि आवश्यक पहल कदमी गर्ने नीति लिईनेछ ।
- संविधान र संघीयता प्राप्तीका लागि आपनो ज्यान आहुती गर्ने सहिदहरुको सम्मान स्वरुप गाउँपालिकामा *एक सहिद पार्क निर्माण* गरिनेछ ।
- लिसंखु पाखर गाउँपालिकालाई उत्कृष्ट पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न यस क्षेत्रको कला, संस्कृती, रितिरिवाजहरूको राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्नको लागि विभिन्न संचार माध्यमको प्रयोग गर्ने नीति लिईनेछ ।
- आन्तरीक तथा वाह्य पर्यटकहरूको संख्या वृद्धि गर्न पर्यटकहरू आउने पर्यटकीय मार्गहरूको सुधार गर्ने, होटल तथा अन्य सेवा उद्योगहरूको संख्या वृद्धि गर्ने, पर्यटन व्यवसाय गर्ने व्यक्ति तथा संस्थाहरूलाई प्रोत्साहन गर्ने, होमस्टे हाउस सञ्चालन गर्न उत्प्रेरित गर्ने, पदयात्रीहरूको जानकारीका लागि ठाउँठाउँमा पर्यटकीय जानकारीहरू, उचाई तथा उक्त क्षेत्र भ्रमण गर्दा अपनाउनुपर्ने सावधानी तथा पुर्वतयारीका वारेमा जानकारी सहितका वोर्डहरू राख्ने कार्य शुरुवात गरिनेछ ।
- आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने नेपाल सरकारको नीति अनुरूप गाउँपालिकाको पर्यटकीय सम्भाव्यता अध्ययन, सांस्कृतिक सम्पदाको पहिचान, अभिलेखन तथा संरक्षण गराउने उद्देश्यलाई पर्यटन मार्फत गाउँपालिकाको आन्तरिक श्रोत अभिबृद्धि गर्ने तर्फ अग्रसर गराउँदै गाउँपालिकाको पर्यटन प्रवर्द्धन तथा सांस्कृतिक संरक्षण, प्रवर्द्धन र पहिचान गर्नका लागि यसै आ.व. मा गाउँपालिकाको *सांस्कृतिक तथा पर्यटन प्रोफाइल* निर्माण गरिसकीएकोमा *ककलिङ,चुलिडाँडा,मुडे निगाँले,नौमुहान ताङ्जो महांकाल मन्दिर सिके,लिसंखु, वाफल ,सुकुटे* सम्म सात दिने आन्तरिक पर्यटन मार्ग तथा *Tourisim Destination Route* पहिचान गरिएकोमा गाउँपालिकामा पर्यटन भित्राउने उद्देश्यले उक्त पर्यटक मार्ग मार्फत आन्तरिक पर्यटक भित्राउन आवश्यक पहल कदमी गरिनेछ । साथै गोन्दर डाडाँ चिप्ले बाघखोर  साईकल पदमार्गको सम्भाव्यता अध्ययन गरिनेछ ।
- विभिन्न भाषा, धर्म, जातजाति, साहित्य कला, संस्कृति, रहनसहन र भेषभुषालाई लिसंखु पाखर गाउँपालिकाको सम्पत्तिको रूपमा जगेर्ना एवम् सम्मान गर्दै मूल प्रवाहीकरण

गरिनेछ । विभिन्न जातजातिका मौलिकताहरूको संरक्षण, सम्बर्द्धन र विकास गरी *एक प्रज्ञा प्रतिष्ठान स्थापना* गरिनेछ ।

- कला, साहित्य, भाषा, संस्कृतिको संरक्षण गर्दै सबै प्रकारका विभेदहरूको अन्त्यका लागि जोड दिइनेछ । लिसंखु पाखर गाउँपालिकालाई *विभेदमुक्त उच्च सभ्यता युक्त क्षेत्रको* रूपमा विकास गरिनेछ ।
- गाउँपालिको संस्कृतिको प्रवर्द्धन,सम्र्वद्धन र संरक्षण गर्न आगामी ५ वर्ष भित्र एक *बहुसाँस्कृतिक सँग्रहालय स्थापना* गर्ने नीति लिईनेछ ।
- काभ्रेको लौरे हुदैं नारगाउँ निगाले,लिसंखु,ठुलो धादिङ हुदै दोलखाको शैलुङ जोडने लिसंखुपाखरको ऐतिहासिक तथा पुरातात्विक पर्यटक पदमार्ग पहिचान गरि संस्कृती तथा पर्यटन प्रवद्धन गरिनेछ ।

## १०) सुचना तथा सञ्चार प्रविधि

- टेलीफोन प्रयोगलाई गुणस्तरीय अवस्थामा ल्याउनका लागि नेपाल टेलिकमसँग समन्वय गरी ल्याण्डलाईन विस्तार गर्ने र अन्य सेवा प्रदायकहरूको सेवालाई समेत गुणस्तरीय वनाउने तर्फ पहल गरिनेछ ।
- *एउटा वडामा एउटा टेलिफोन* जडान गर्ने तर्फ आवश्यक पहलकदमी गरिनेछ ।
- सम्पुर्ण वडाहरूलाई प्रविधिमैत्री वनाउदै अनलाईन मार्फत सेवा प्रवाह गर्ने व्यवस्थाका लागि आवश्यक पुर्वाधारको सञ्जालीकरण गर्ने नीति लिईनेछ ।
- गाउँपालिकाको वेवसाईटलाई अद्यावधिक गर्दै सरोकावालाहरूलाई वेवसाईट मार्फत सुचित गर्ने व्यवस्था गरिनेछ ।
- स्थानीय सरकारको विकासका गतिविधिहरू प्रति नागरिक पहुँच वृद्धि गर्न सार्वजनिक सुनुवाई र रेडियो कार्यक्रम र *गाउँपालिकासँग जनता रेडियो कार्यक्रम तथा हेलो लिसंखु पाखर कायर्यक्रम*लाई विशेष प्राथमिकताका साथ संचालन गरिने छ ।
- विद्युतिय शासनको अभ्यासलाई कार्यान्वयन गर्न गाउँपालिका सवै विद्यालयहरु,सार्वजनिक कार्यालयहरु तथा स्वास्थ्य सँस्थाहरुमा फाईवार नेट यसै आ.व.मा जडान गरिसकीएकोमा आगामीआ.व. बाट यसलाई थप व्यवस्थीत बनाईनेछ र गाउँपालिकामा सुचना तथा सञ्चार प्रविधिको पहुँच अभिवृद्धि गर्न *प्रत्येक गाउँ टोलमा ईन्टरनेट तथा wifi* ल्याउन पहल गरिनेछ ।
- गाउँपालिकालाई क्रमिकरूपमा प्रविधि मैत्री बनाउन सबै कार्यक्रमहरू हेर्न मिल्ने गरी *मोबाइल एप्सको* विकास र सीसी क्यामरा जडान गरिने छ ।

- गाउँपालिकाका सबै गतिविधिहरू रेडियो, पत्रपत्रिका, इन्टरनेट र सामाजिक सञ्जालजस्ता सञ्चार माध्यमबाट नागरिकहरूलाई सूसुचित गरिने छ ।
- आ.व. ०७९/०८० सम्म बनेका स्थानीय ऐन, नियमावली र कार्यविधिहरू समेटेर एक *लिसंखु पाखर कानुनी सङ्गालो* प्रकाशित गरिने कार्यलाई अगाडी बढाईनेछ ।
- पत्रकार महसङ्घ र गाउँपालिकाबीचको सहकार्य र समन्वयलाई प्रभावकारी बनाइने छ ।

उपस्थित सम्पूर्ण माहानुभावहरू,

## ११) शिक्षा

- यस क्षेत्रका सामुदायिक विद्यालयमा बालबालिकाको विद्यालय छोड्ने दर कम गर्न तथा विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयसम्म ल्याउनका लागि भर्ना कार्यक्रमहरू, अभिभावकको लागि जनचेतना कार्यक्रमहरू ल्याइनेछ ।
- शिक्षा नियमावली,शिक्षा नीति,बहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एंव प्रवर्द्धन गरिने छ ।
- विद्यालय क्षेत्र विकास कार्यक्रम, सवैका लागि शिक्षा, जीवनपर्यन्त शिक्षा, प्रौढ शिक्षा, चेलीवेटी शिक्षा, युवा शिक्षा, लगायतका कार्यक्रमहरूलाई अगाडि ल्याइनेछ
- वालमैत्री स्थानीय शासन कार्यक्रम वालमैत्री विद्यालय, खेल्दै सिक्दै लगायतका कार्यक्रमहरूलाई समावेश गर्दै लगिनेछ ।
- *प्रत्येक वडामा एक ई-पुस्तकालय समेतको सुचना केन्द्र स्थापना* गरी समुदायमा हस्तान्तरण मार्फत सञ्चालन गर्ने ब्यवस्था मिलाईने छ ।
- विद्यालयमा वालवालिकाको भर्नादर वृद्धि गर्न र विद्यालय छोड्ने दरलाई न्युनीकरण गर्न अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- ***एक स्थानीय तह - एक प्राविधिक विद्यालय, एक स्थानीय तह - एक नमुना विद्यालय*** जस्ता कार्यक्रमहरूलाई प्रभावकारी ढंगले सञ्चालनमा आवश्यक पहल कदमी गरिनेछ
- प्रदेश सरकारको सहकार्य र आर्थिक सहयोगमा ***एक विद्यालय- एक नर्स*** कार्यक्रमलाई थप गर्न आवश्यक पहलकदमी गर्दै क्रमिक रूपमा सवै माध्यमिक विद्यालयहरूमा विस्तार गर्दै लगिनेछ

- उत्कृष्ट स्थान हासिल गर्ने विद्यालयलाई पुरस्कृत गर्ने नीति लिइने छ। पालिका प्रथम हुने छात्र/छात्रालाई रु. १५/१५ हजार प्रदान गर्ने व्यवस्था मिलाउने तथा आफ्नो विषयमा ८० प्रतिशत विद्यार्थी उतीर्ण गराउन नसक्ने शिक्षकलाई मापदण्ड वा निर्देशिका तयार गरी नकारात्मक प्रोत्साहनको नीति लिइने छ।
- पारिवारिक र आर्थिक समस्याको कारणवाट विद्यालयको शैक्षिक ज्ञान प्राप्त गर्नवाट वञ्चित टुहुरा र दलित वाल वालिकालाई शिक्षाको मन्दिरमा प्रवेश गराउन ***"टुहुरा र दलित वालवालिकाको साहारा अध्यक्ष"*** कार्यक्रम अवलम्वन गरिनेछ।
- विद्यालयमा अध्ययनरत छात्राहरूलाई आवश्यक पर्ने सेनेटरी प्याड वितरण तथा व्यवस्थापन कार्यलाई निरन्तरता प्रदान गरी थप प्रभावकारी बनाइनेछ।
- सवै विद्यालयहरूमा कार्यरत वालविकास सहजकर्ता, कार्यलय सहायक र कार्यलय सहयोगीहरूको प्रोत्साहन तलबलाई निरन्तरता दिईनेछ
- यस गाउँपालिका अन्तरगत रहेका सम्पूर्ण सामूदायिक विद्यालयहरूमा प्रारम्भिक वालविकास देखि कक्षा ६ सम्म अध्ययनरत वालवालिकाहरूलाई स्थानीय स्तरमा उपलब्ध पोषण युक्त, स्वस्थकर, दिवा खाजा, खुवाउनको लागि सबै विद्यालयहरुमा दिवा खाजा व्यवस्थापन कार्यविधि अनुरुप सबै विद्यायलयलाई दिवा खाजा मेनु उपलब्ध गराई घरेलु उत्पादनमा आधारित दिवा खाजा कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालय परिसरमा अस्वस्थकर खाद्य सामाग्रीहरू अर्थात पत्रु खाना (Junk Food)प्रयोगलाई पूर्ण रूपमा निषेध गर्दै दिवा खाजा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वन गर्नका लागि निजि क्षेत्र तथा स्थानीय सरकारी, गैर सरकारी संघ संस्था र अन्य निकायहरू संग समन्वय र साझेदारी गरिनेछ।
- दिवा खाजा व्यवस्थापनमा दैनिक रूपमा कार्य सम्पादनमा सहजीकरण गर्ने गराउने देखि व्यवस्थापन अनुगमनका लागि विद्यालयहरूलाई १ जना सम्पर्क शिक्षक ( Focal Teacher ) तोकी अनुगमन प्रणालीमा सुधार व्यवस्थापनमा देखिएका समस्याहरूलाई क्रमश समाधान गर्दै लगिनेछ।
- गाउँपालिका भित्र एक प्राविधिक धारको विद्यालय र एक नमुना आवासीय विद्यालय निर्माण गर्ने नीति अनुरूप श्री बुद्धोदय मा.वि.लाई प्राविधिक धारको विद्यालयको रूपमा विकास एवम् सुदृढीकरण गर्ने नीतिलाई प्राथमिकता दिइने छ।

- चालु शैक्षिक सत्र बाट लागु हुने गरी १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम लागु गरी सकिएकोमा आगमी आ.व. बाट यसलाई प्रभावकारी रुपमा स्थानीय पाठ्यक्रम कार्यान्वयनमा ल्याइने छ ।
- भवन निर्माण सम्पन्न भएका विद्यालयहरूमा बेन्च, टेबल र कुर्सी क्रमिक रूपमा व्यवस्थापन गरिने छ । सबै तहका शिक्षकहरूलाई तालिमको व्यवस्था क्रमिक रूपमा गरिने छ । गाउँपालिकाले चालु आ.व.मा खेलकुद प्रशिक्षक परिचालन कार्यविधि बनाइसककेमा आवश्यकतानुसार सबै विद्यालयहरुमा एक *खेलकुद शिक्षक,स्पोर्ट शिक्षक,नृत्य तथा म्युजिक शिक्षक र नर्सिङ शिक्षक व्यवस्थापन* गर्न पहल गरिने छ ।
- भाषा नीति निर्धारण र मातृ भाषामा शिक्षा कार्यक्रम अघि बढाउन अध्ययन टोली गठन गरिने छ।
- माध्यामिक विद्यालयहरूलाई नियमित पाठ्यपुस्तकको अतिरिक्त १ ऐच्छिक प्राविधिक विषयको कक्षा सञ्चालन गर्न प्रोत्साहन गरिने छ ।
- यसै आ.व.बाट सबै सामुदायिक विद्यालयमा इन्टरनेट सेवा पुऱ्याइएकोमा विद्यालयबाट पठनपाठन पद्धति लाई विस्तारै डिजिटल माध्यम सँग जोडी आवश्यकतानुसार विद्युतीय माध्यम द्वारा अध्यापन गराउने नीति लिईनेछ ।
- एक विद्यालय एक उद्यम कार्यक्रम थालनी गरिने छ । प्रारमभिक बाल शिक्षालाई बालमैत्रि बनाउन आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको शैक्षिक सुधार र सिकाई उपलब्धि अभिवृद्धि गर्न गाउँपालिको *एक शैक्षिक योजना निर्माण* गरिसकीएकोमा आगामी आ.व बाट शैक्षिक योजना अनुरुप शैक्षि सुधारका कार्यक्रमहरु संचालन गरिनेछ ।।
- पालिकाका सम्पुर्ण विद्यालयका विद्यार्थीको सर्वाङ्गिण विकासको लागि पालिकास्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ ।
- उत्कृष्ट शैक्षिक गन्तव्य गाउँपालिका हाम्रो पहिचान भन्ने आर्दश लक्ष्य प्राप्तिका लागि सरकारी क्षेत्रका शैक्षिक सँस्थाहरुबाट प्रदान गरिने विद्यालय देखि उच्च शिक्षालाई थप गुणस्तरीयता र सर्वसुलभ तुल्याउन,समग्र गाउँपालिकाको शैक्षिक सुधार अभिवृद्धि गर्न,शिक्षा प्रणाली लाई व्यवस्थित, प्रभावकारी,जिवनउपयोगी सीपमा आधारित शिक्षा बनाउन,सामुदायिक विद्यालयमा विद्यार्थी आकर्षण गर्न *अध्यक्ष शैक्षिक सुधार कार्यक्रम* सञ्चालन गरिनेछ ।।

- विद्यालयहरुको भौतिक पूर्वाधार,स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको व्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ ।
- विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ । साथै सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थि अनुपातमा विषयगत दरबन्दी मिलान एंव शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ ।

## १२. स्वास्थ्य

- गाउँपालिका क्षेत्रभित्रमा सबै स्वास्थ्य चौकिहरूलाई क्रमश वर्थिङ सेन्टरको रुपमा स्थापना गर्नका लागि पहल गर्नुका साथै स्वास्थ्यकर्मीको बसाईलाई टिकाइराख्न उचित कार्यक्रमहरू ल्याइनेछ ।
- नेपाल सरकारको नागरिक स्वास्थ्य विमा कार्यक्रम, म स्वस्थ मेरो गाउँपालिका स्वस्थ जस्ता कार्यक्रमहरूलाई अगाडि ल्याइनेछ ।
- वाल मृत्युदर तथा मातृमृत्युदर घटाउन उचित कार्यक्रम सञ्चालन गर्नुका साथै महिला स्वयंसेविकाहरू आवश्यकतानुसार परिचालन गरिनेछ ।
- युवा युवतीहरूको लागि यौन तथा एच.आइ.भि. एड्स शिक्षा, सरुवा रोगहरूको नियन्त्रणका लागि प्रचारप्रसार लगायतका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- गाउँघर क्लिनिक र खोप क्लिनिक संचालन कार्यक्रमलाई प्राथमिकताका साथ अघि वढाइने छ । साथै स्वास्थ्य केन्द्रहरूमा ल्याव संचालन कार्यको समेत विस्तार गरिने छ ।
- यस गाउँपालिकामा Birthing At Health Centre को अभियान सञ्चालन गरी यस गाउपालिकालाई ZERO HOME DELIVERY ***घरमा बच्चा नजन्माउने*** गाउँपालिकाको रूपमा घोषणा गर्ने व्यवस्था गरीने छ ।
- क्यान्सर, मृगौला, मष्तिस्क तथा मुटु रोग दिर्घरोगीहरूको लागी उपचामा र आर्थिक सहयोग गर्न आर्थिक सहायता कार्यविधि तर्जुमा गरिसकीएकोले यस्ता प्रकृतिका रोगहरुलाई उपचार र नियन्त्रण गर्न गाउँपालिकाको आन्तरीक श्रोतको केही प्रतिशत रकम प्रयोग गरी उपचार गर्ने नीति लिईनेछ ।
- आम लिसंखु पाखर वासीलाई गुणस्तरीय स्वास्थ सेवा सुनिश्चता गर्नका लागि विरामी पर्दा काठमाण्डौं तथा धुलिखेल जानुपर्ने बाध्यात्मक अवस्थाको न्यूनिकरण गरी

गाउँपालिकावाटनै स्वास्थ सेवा उपलब्ध गराउने अभिप्रायले स्थानीय तहमा ५, १० र १५ सैयांको अस्पताल निर्माण गर्नुपर्ने संघीय सरकारको नीति अनुरूप यस गाउँपालिकाको डाँडापाखरमा निर्माण कार्य सम्पन्न यसै आ.व.मा भईसकेकोले उक्त अस्पताल लाई आवश्यक व्यवस्थापन गर्न संघीय सरकार प्रदेश सरकार सँग सहकार्य र समन्वय गरी आगामी आ.व.बाट सञ्चालनमा ल्याई लिसंखु पाखर वासीलाई गाउँमै उपचार गराउने व्यवस्था मिलाईनेछ। साथै निर्माणाधिन अत्तरपुर अस्पतालको निर्माण कार्य सम्पन गर्न आवश्यक पहल गरिनेछ।

- जेष्ठ नागरिकहरूलाई घरघरमै गई नियमित स्वास्थ्य जाच गर्न घरघरमा स्वस्थ्य कार्यक्रम सञ्चालन गरिनेछ।
- आम नागरिकलाई गाउँपालिका सँग प्रत्यक्ष रुपमा जोडी समग्र लिसंखुपाखर वासीको स्वास्थ्य समस्या समाधान गरी गुणस्तीय तथा सर्वसुलभ स्वास्थ्य सेवा प्रवाह गर्नका लागि प्रत्येक वडामा एक पटक विशेषज्ञ डाक्टर सहितको *बृहत स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन* गरिनेछ।
- लिसंखु पाखर गाउँपालिका भित्रको स्वास्थ्य संस्थाबाट प्रदान गर्ने सेवालाई भरपर्दो र विश्वास योग्य बनाइ आधारभूत प्रकृतिका स्वास्थ्य उपचार सेवा निःशुल्क गर्ने तथा प्राकृतिक चिकित्सा योग साधनाको विकासद्वारा लिसंखु पाखरवासीलाई स्वस्थ र निरोगी तुल्याउने नीति अङ्गीकार गरिने छ।
- वर्तमान अवस्थामा पुऱ्याउँदै आएको स्वास्थ्य सेवालाई चुस्त, प्रभावकारी र भरपर्दो बनाउँदै लगिने छ ।
- लिसंखु पाखर गाउँपालिका पूर्ण खोप सुनिश्चितता भएको घोषणा भइसकेकोले यसको दीगोपनाको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने छ।
- जीरो होम डेलिभरीको लागि ANC / PNC चेकअपलाई थप प्रभावकारी बनाउन प्रोत्साहन गर्ने नीति लिइने छ।
- महिला स्वयम् सेविकालाई प्रोत्साहन स्वरुप आवश्यक कार्यक्रमहरू संचालन गरिनेछ
- लिसंखुपाखर गाउँपालिकालाई मातृ शिशु मृत्युदर न्युनिकरण गर्ने उद्देश्यले तिन वटा वर्थिङ सेन्टरहरुबाट नियमित निःशुल्क भिडीयो एक्स रे सेवा प्रदान गरिएकोमा आगामी आ.व.बाट सातै वटै स्वास्थ्य सँस्थाहरुबाट निःशुल्क भिडीयो एक्स रे सेवा प्रदान गर्नका लागि आवश्यक पहल कदमी गरिनेछ।
- स्वास्थ्य संस्थाबाट प्रदान गरिदैआएको निःशुल्क औषधी बितरण कार्यलाई थप प्रभावकारी र व्यवस्थित बनाईनेछ।

- मदिरा, धुम्रपान र जुवातासलाई न्यूनीकरण गर्न विभिन्न महिला समूह, क्लब, सहकारी, जनप्रतिनिधि, शिक्षक र सुरक्षा निकायको सहयोगमा चेतनामूलक कार्यक्रमहरू गर्ने उक्त कार्य गर्दा अवरोध पुऱ्याउन समूह व्यक्तिहरूलाइ दण्डित गर्ने नीति लिइने छ ।
- सबै वडाहरूमा क्रमिकरूपमा स्वास्थ्य चौकीको पक्की भवन निर्माण कार्यको थालनी गरिने छ ।
- मनोसामाजिक परामर्श,आत्माहत्या न्युनिकरण जस्ता कार्यक्रमहरु जनप्रतिनिधि शिक्षक सुरक्षा निकाय महिला स्वास्थ्य सेविकाहरुको सहयोगमा सचेतनामुलक कार्यक्रमहरुको थालनी गरिनेछ ।
- गर्भवतीलाई गाउँपालिका भित्रका वर्थिङ सेन्टरहरुमा सुत्केरी हुन आउने जान निःशुल्क एम्बुलेन्स सेवा व्यवस्था मिलाईनेछ ।
- स्वास्थ्य क्षेत्रका  सूचकहरुलाई जिल्लामै उत्कृष्ट बनाई मानव विकास सुचाकंमा स्वास्थ्य सूचकहरुलाइ व्यवस्थित बनाउन गाउँपालिकाको स्वास्थ्य सेवालाई विद्युतीय शासन प्रणालीमा आवद्ध गर्न पालिकाका सबै स्वास्थ्य सँस्थाहरुलाई प्रविधिमैत्री बनाउदै लगिनेछ।

## १३) संस्थागत विकास तथा सुशासन एंव राष्ट्रसेवक कर्मचारी

- कार्यालयले आफै र आफ्नो मातहतका कार्यालयहरूमार्फत प्रवाह गर्ने सेवाको प्रभावकारिता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुबाई, सामाजिक परिक्षण, नागरिक वडापत्र, सुचनाको हकको प्रत्याभूति, पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार निवारण लगायतका कार्यहरूमार्फत सुशासन अभिवृद्धि गर्ने खालका कार्यहरूलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिनेछ ।
- यस गाउँपालिका अन्तर्गत काम गर्ने कर्मचारीहरूलाई काम गर्ने खालको वातावरण सिर्जना गरिनेछ,
- यस क्षेत्रमा कर्मचारी नियमित बस्ने, गाउँवासीको पिरमर्का सुन्ने, जनताको सेवाभाव जागृत गराउने र गाउँपालिकाका निर्णयहरूलाई अक्षरसः कार्यान्वयनमा ल्याउनका लागि तत्पर हुने अवस्थाको सिर्जना हुने वातावरण मिलाइनेछ ।
- विकट भौगोलिक क्षेत्रमा आई काम गर्नुपर्ने बाध्यता भएकाले यथाशक्य प्रोत्साहन भत्ताको व्यवस्था मिलाउनेतर्फ पहल गरिनेछ ।

- गाउँपालिकाको कर्मचारीहरू मध्येवाट उत्कृष्ट कर्मचारी छनौट गरी हरेक बर्ष प्रोत्साहन स्वरूप सम्मान र पुरस्कृत गर्ने साथै गाउँ कार्यपालिकाको कार्यालयमा उक्तउत्कृष्ट कर्मचारीको फोटो राखिनेछ ।
- कानुन विपरीत कार्य गरी आचरण उलंघन गर्ने तथा आफ्नो कर्तव्य पुरा नगर्ने कर्मचारीहरूलाई कानुन अनुसारको दण्डको व्यवस्था गरिनेछ ।
- सबै विद्यालय, गाउँपालिका र गाउँपालिका अन्तर्गतका सम्पुर्ण कार्यलयहरूमा अनिवार्य रूपमा विद्युतिय हाजिरी मेसिनको प्रयोग गरी सुशासनको अभ्यासलाई वढावा दिईनेछ ।
- नागरिकमा रहेका विद्यमान गुनासाहरूलाई सुझावको रूपमा स्वीकार गर्दै भविष्यका मार्ग चित्र निर्माणमा प्रयोग गर्ने अभिप्रायले यसै आ.व. भित्र को कार्यक्रम सुरु गरी नागरिकका गुनासाहरू संकलन गर्ने कार्यको थालनी गरिनेछ ।

## १४) युवा तथा खेलकुद

- मागमा आधारित युवा लक्षित कार्यक्रम सञ्चालन गरिने छ
- माग र चाहनाको आधारमा खेलाडीहरूलाई प्रशिक्षणको व्यवस्था मिलाईने छ ।
- *गाउँपालिकास्तरीय एक रंगशाला निर्माणको* लागि वडा नं ७ को लामाचौर खेलमैदानको सम्भाव्यता अध्ययन तथा डि.पि.आर. तयारी गरिसकीएकोमा आगामी आर्थिक वर्षबाट गाउँपालिका स्तरीय रंगशाला निर्माणका लागि आवश्यक पहल कदमी गरिनेछ ।
- गाउँपालिको खेलकुद विकास कार्यक्रमलाई प्रभावकारी बनाउन गाउँपालिकाको खेलकुद विकास समिति सञ्चालन कार्यविधि निर्माण भइसकेको सन्दर्भमा गाउँपालिका तथा वडास्तरीय *खेकुद विकास समिति* गठन गरी खेलकुद शिक्षक परिचालन गरी खेलकुद विकास कार्यक्रम सञ्चालन गर्ने नीति लिईनेछ ।
- गाउँपालिका भित्र अन्तराष्ट्रिय मापदण्ड अनुरूपको फूटबल ग्राउन्ड निर्माणको लागि पहल गरिने छ ।
- स्वस्थ र सिर्जनशील युवाका लगि खेलकुद विकासगर्न सम्भाव्यता अध्ययन गरिनेछ र खेलकुद विकासका पूर्वाधार बनाउने कार्यलाइ तिव्रता दिइनेछ ।
- *एक वडामा एक खेल मैदान निर्माण* गर्ने अभियानको थालनी गरिनेछ ।

- आपासी सदभाव कायम राख्न तथा विकासका गतिविधिहरूको अनुभव आदनप्रदान गर्न खेलकुद विकास कार्यक्रम मार्फत अर्न्तपालिका स्तरीय ***"खेलकुद विकास कार्यक्रम "*** सञ्चालनको शुरुवात गरिनेछ ।
- युवाहरूलाई उपलब्ध स्रोत साधनको परिचालन गरी रोजगारी सिर्जनामार्फत गरिबी न्युनीकरण गर्ने, युवाहरूलाई सिर्जनात्मक कार्यहरूमा उत्प्रेरित गर्ने, खेलकुदतर्फ प्रोत्साहन गर्ने खालका युवालक्षित कार्यक्रमहरू ल्याइने छ
- विदेशबाट फर्किएका युवा तथा अन्य युवाहरूलाई युवा स्वरोजगार कार्यक्रम मार्फत रोजगार मुलक उद्योग स्थापना र स्वावलम्वन रूपी व्यवसाय सञ्चालनमा अनुदान र आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

## १५) श्रम तथा रोजगार नीति

- लिसंखु पाखर गाउँपालिका भित्र श्रम तथा रोजगारको क्षेत्रहरुको सम्भाव्यता अध्ययन गरी वेरोजगार व्यक्तिहरुलाई रोजगार तथा स्वरोजगार बनाउनाका लागि *विज्ञ परिचालन तथा रोजगार नीति* ल्याइनेछ ।

- युवाहरुलाई रोजगारी सृजना तथा स्वरोजगार बनाउन, स्वदेश तथा विदेशको श्रम बजारको माग बमोजिम दक्षयुक्त जनशक्ति उत्पादनमा जोड दिदै राष्ट्रिय तथा अन्तराष्ट्रिय श्रम बजार संग आबद्ध गदै, बैदेशिक रोजगारमा जाने युवाहरुलाई आवसीय, आबधिक र सघन सीपमूलक तालिम स्थायि सरकारले आफ्नै खर्चमा संचालन गर्ने र विभिन्न निकाय संग समन्वय गरी सीपयुक्त बनाउने उद्देश्यका साथ ***"सीप सिकौं, आत्मानिर्भरताका लागि उद्यमशील बनौं"*** **भन्ने कार्यक्रम ल्याईनेछ** ।
- *"रोजगार संगै शिक्षा, बनौ सबै दक्ष"* भन्ने मूल नाराका साथ स्थानीय सरकारले स्थानीय स्तरमा रहेका विद्यालयहरुमा हप्तमा २ दिन झोला फि कार्यक्रम संञ्चालन गरी विद्यालय स्तर देखि नै सीप विकास कार्यक्रम संचालन गरी दक्ष एवं सक्षम जनशक्ति उत्पादन गरी रोजगार एवं स्वरोजगार बनाउने कार्यक्रम ल्याइनेछ ।

- बेरोजगार सूचिमा सूचिकृत वेरोजगारहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत न्यूनतम १०० दिनको रोजगारको प्रत्याभूति गराइ तोकिएका स्थानहरुको विकासको

काममा सहभागी गरायनका साथै गाउँपालिकाबाट सञ्चालित सबै किसिमका श्रम मूलक कार्यहरुमा प्रथामिकता दिइनेछ ।

- श्रम गर्ने बानी बसाल्नका लागि सबै प्रकारका श्रमहरुको उचित सम्मान सहित उत्कृष्ट श्रम गर्ने श्रमिकलाई सम्मान गर्ने नीति ल्याइनेछ । यसका साथै ***श्रमको सम्मान, राष्ट्रको अभियान*** **कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।**

- **सुखि र समृद्ध लिसंखु पाखर**को संकल्प पुरा गर्नका लागि गाउँपालिकाको जनप्रतिनिधी र कर्मचारीहरुले प्रत्येक महिनाको १ दिन अनिवार्य श्रमदान गर्नुपर्ने नीति ल्याइनेछ ।

- बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्यभूति दिलाई पालिका स्तरीय एक चियाबगान बनाउने कार्यक्रम अगाडी बढाइनेछ ।

- बैदेशिक रोजगारलाई मर्यादित र सुरक्षित बनाउनाका लागि बैदेशिक रोजगार संग सम्बन्धित जानकारीहरुका साथै वैदेशिक रोजगारीमा जान चाहनेहरुका लागि श्रम स्वीकृति एवं पुनः श्रम स्वीकृतिका लागि स्थानिय तहमा सञ्चालित रोजगार सेवाकेन्द्र मार्फत सेवा प्रवाह गरिनेछ ।
- गाउँपालिकामा आयमुलक तथा सिपमुलक रोजगारीको अवसर बृद्धि गरी स्थानीय व्यक्तिहरुको सिप लाई विश्वव्यापीकरण र विश्व वजारीकरण गर्ने उदेश्यले गाउँपालिका र विश्वका कुनै स्थानीय सरकार सँग मर्यादित वैदेशिक रोजगारीका लागि सम्बन्ध विस्तार गर्न *LG to LG* सरकार विच सम्बन्ध विस्तार गर्ने अवधारणा कार्यक्रम ल्याईनेछ ।

## १६) उद्योग तथा व्यवसाय

- पुनः निर्माण कार्यमा देखीएको पुन निर्माण सामाग्रीको अभावलाई न्यूनीकरण गर्न यस गाउँपालिकाभित्र रहेका निर्माणजन्य सामाग्रीहरू उत्पादन गर्ने उद्योगहरूलाई कानुनी दायरा भित्र ल्याई संचालनको लागि आवश्यक संरक्षण, सहजीकरण र सरलीकरणका नीतिहरू अवलम्वन गरिने छ ।
- उद्योग, व्यवसायको विस्तार सँगै वढ्दै गएको गुणस्तरहिन उपभोग्य वस्तुको वितरणमा नियन्त्रण गरी आम उपभोक्तालाई गुणस्तरीय उपभोग्य वस्त ुउपलब्ध गराउन वजार

अनुगमनलाई तिव्रता दिई दोषीलाई कानुनी कठघरामा उभ्याउने नीति अवलम्वन गरिनेछ ।

- यस गाउँपालिकामा उत्पादन हुने खाद्य बस्तुहरूलाई बजारीकरण गरी पर्याप्त रोजगारी श्रृजना गर्ने उद्दश्यले यसै गाउँपालिकाको वडा नं ४ को सिक्रेमा संघीय सरकारको सहयोगमा *एक औद्योगिक ग्राम स्थापनाका* लागि भौतिक संरचना कार्य सञ्चालन कार्यलाई प्राथमीकताका साथ निरन्तरता दिई आगामी २ वर्ष भित्र निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याईनेछ ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत गाउँपालिकामा उत्पादन हुने खाद्यान्न बस्तुलाई बजारीकरण गर्न तथा पर्याप्त रोजगारी श्रृजना गर्ने उद्देश्यले यस गाउँपालिका भित्र लप्सी तथा अदुवा प्रसोधन केन्द्र, मकै, कोदो, गहुँ, फापर, सिस्नु, टिमुर जस्ता उत्पादन मूखी बस्तुहरूको प्याकिङ्ग तथा बजारीकरण जस्ता *लघु तथा घरेलु उद्योग स्थापना* गर्न आवश्यक पहल कदमी गरिनेछ ।
- गाउँपालिकाको रोजगारी सिर्जनाका लागि स्लेट ढुङगाको खानी उत्खनन तथा सम्भाव्यता अध्ययन गरिनेछ ।
- उद्यमीहरूको प्रतिस्पर्धा बढाई गाउँपालिकामा उद्योग व्यावसाय मार्फत रोजगारी सिर्जना गर्न यसै आ.व.मा लगानी सम्मेलनको लागि आवश्यक कानुी तथा नीतिगत व्यवस्था तर्जुमा गरी गाउँपालिकाको लगानी सम्मेलनको अवधारणा पत्र तयार भईसकेको अवस्था छ । आगामी आवबाट यस गाउँपालिकामा उद्योग व्यावसायीहरुलाई प्रतिस्पर्धा गराई लगानी भित्राउने उद्देश्यले हस्तकला र कृषिमा आधारित ***एक लगानी सम्मेलनको*** आयोजना सम्पन्न गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र अवैधानिक रुपमा संचालित हुदैँ आएका मदिरा पसल तथा व्यावसाय लाई निरन्तर अनुगमन गरी दर्ता गर्न बाध्यात्मक बनाईनेछ । साथै ***एक वडामा एक बैधानिक मदिरा पसल*** सञ्चालन गर्न अनुमति दिईनेछ र उक्त व्यावसायलाई करको दायरामा ल्याई आन्तरिक राजश्व सँग जोडने नीति लिईनेछ ।
- औद्योगिक व्यावसायिक विकासका लागि गाउँपालिका उद्योग वाणिज्य महासंघ सँग साझेदारीको नीति लिईनेछ । औद्योगिक प्रदर्शनी स्थलको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडि बढाईनेछ ।

## १७) वन वातावरण तथा भु संरक्षण

- घरवाट निस्कने फोहोरको वर्गिकरण गरी प्राङगारिक मल बनाउने ज्ञान ***हेलो सरकार*** सिप र प्रविधि प्रदान गरी फोहोरबाट मोहर कार्यक्रम सञ्चालन गरिनेछ ।
- ***"मेरो घर सफा घर मेरो समाज सफा समाज"*** भन्ने नाराका साथ सरसफाई अभियान सञ्चालन गरिनेछ ।
- जलवायु परिवर्तनले विश्वलाई नै चुनौति दिइरहेको वर्तमान परिप्रेक्ष्यमा जलवायु परिवर्तनलाई तल्लो तहबाट नै सामना गर्ने खालका गतिविधीहरूलाई प्रोत्साहन गरिनेछ ।
- जलवायु अनुकुलित विकास कार्यक्रमहरू सञ्चालन गरी हरित अर्थतन्त्रको प्रवर्द्धन गर्न पहल गरिनेछ। यसका लागि जलवायु परिवर्तन सँग सम्बन्धित क्षेत्रमा कार्य गर्ने विभिन्न निकाय सँग सहकार्य गरी अगाडि बढ्ने नीति अख्तियार गरिनेछ ।
- गाउँपालिका भित्र विषादी हरूको प्रयोग न्यूनीकरण गर्ने तथा प्लाष्टिको प्रयोगलाई रोक लगाउने तर्फ कडा कदम चालिने छ ।
- हरित विकासको अवधारणालाई अवलम्वन गरी दिगो विकास लक्ष प्राप्तिका लागि ***"विगारेर हैन, सिंगारेर विकास गरौं"*** भन्ने नीतिलाई प्रत्येक पूवार्धार विकासको चरणमा प्रयोग गर्दै लगिनेछ ।
- वन उपभोक्ता समूहसँगको समन्वय र सहकार्यमा वन संरक्षण, वृक्षारोपण, वन विविधीकरण, भू-क्षय नियन्त्रण, उद्यान निर्माण, खाली तथा सामुदायिक वनमा जडिबुटी प्रवर्द्धन जस्ता कार्यक्रम सञ्चालन गरी वन, वातावरण तथा भू-संरक्षणलाई प्रभावकारी बनाइनेछ ।
- वन वातावरण तथा पर्यावरण एवम् जैविक विविधता संरक्षणका लागि गाउँपालिकाका सामूदायिक वनमा *झाडी सुधार कार्यक्रम, वृक्षारोपन कार्यक्रम* जस्ता नीतिहरू अपनाइनेछ ।
- वन तथा पर्यावरण मार्फत पर्याप्त रोजगारी श्रृजना गर्न जडिबुटी खेती प्रविधि प्रवर्द्धन, विस्तार तथा बजारीकरण कार्यक्रम तथा वन वातावरण तथा *जैविक विविधता पार्क निर्माण, वनस्पति उद्यान, बगैंचा निर्माण* गर्ने नीति अवलम्बन गरिनेछ ।
- वातावरण प्रदुषण नियन्त्रण तथा हरियाली क्षेत्र निर्माणका लागि सडक क्षेत्रको दुवै छेउतिर वृक्षरोपण कार्यक्रम संचालन गरी *हरित गाउँ तथा हरित पर्यटनको अवधारणा* अघि बढाईनेछ ।

- गाउँपालिका क्षेत्र भित्रका सम्पूर्ण सामुदायिक वनको पहिचान र अभिलेखीकरण गरी सामुदायिक वनबाट गाउँपालिका क्षेत्र बाहिर काठको पैठारी र निकासी कार्यलाई नियन्त्रण गर्न गाउँपालिकाले एक वन नीति तर्जुमा गरी काठको पैराठी निकासीलाई उचित करको दायरामा ल्याई वन संरक्षणका लागि एक कार्यदल गठन गरी परिचालन गरिनेछ ।
- राजस्व क्षेत्र तथा दायरा अभिवृद्धि गर्ने उद्देश्यले वन क्षेत्रलाई राजश्व सँग जोडी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सामुदायिक वनहरुलाई व्यवस्थित गरी राजस्वको तथा करको दायरामा ल्याई वन जंगल संरक्षण र पर्यावरणीय सन्तुलन लाई व्यवस्थित बनाईने नीति लिईनेछ ।
- *वातावरणमैत्री विकासको* अवधारणालाई कार्यान्वयन गरी *दिगो वातावरण मैत्रि गाउँपालिका निर्माण* गर्न पालिका भित्र सञ्चालन गरिने सबै पुर्वाधार विकास निर्माणका कार्यहरु गर्दा उक्त उपभोक्ता समिति टोल विकास सँस्था तथा निर्माण व्यावसायीहरुले विकास निर्माणका कामगर्दा कम्तीमा पनि १० वटा विरुवा वृक्षारोपण कार्यक्रम गर्न बाध्यतात्मक बनाउने नीति लिईनेछ ।

## १८) दैवी प्रकोप तथा विपद् व्यवस्थापन:

- गाउँपालिका भित्र कुनै पनि किसिमको दैवि प्रकोप भई विपद् व्यवस्थापन गर्नुपर्ने अवस्था आउँदा खर्चको प्रवन्ध गर्न आवश्यक वजेटको व्यवस्था गरी विपद् व्यवस्थापन कोषमा संकलित रकमवाट विपद प्रतिरोधी कार्यक्रमहरू सञ्चालन गरी विपदवाट हुने क्षति न्यूनिकरण गर्ने तर्फ गतिशीलता प्रदान गरिनेछ ।
- विपदको पूर्व सूचना प्रणाली विकास गरी क्षति न्यूनिकरणका लागि विपद पूर्व तयारी, खोज, उद्दार, राहत र पुर्नःस्थापनाका कार्यक्रम सञ्चालन गरिनेछ ।

## १९) सहकारी

- सहकारी संस्थाहरूलाई सहकारी मूल्य मान्यता, सिद्धान्त र प्रचलित ऐन, नियम बमोजिम सञ्चालन गर्न जोड दिइने छ ।
- निष्कृय रहेका सहकारी संस्थाहरू नियमित गर्न पहल गर्ने । सकृय नभएमा प्रकृया पुऱ्याएर खारेज गरिने छ ।
- नियमित रूपमा सञ्चालन भएका सहकारीका पदाधिकारी र सदस्यहरूको क्षमता विकास गर्न तालिमको व्यवस्था गरिने छ ।

- गाउँपालिका भित्र उत्पादन भएका कृषि वस्तुहरू र अन्य उत्पादित वस्तुहरूलाई बजारीकरण गर्ने कार्यमा इच्छुक सहकारीलाई सहयोग गर्ने निती लिईनेछ ।
- सहकारीको माध्यमबाट आर्थिक विकास र स्वरोजगारी सिर्जना गर्न वडा वडामा नमुना सहकारी विकास गर्न प्रोत्साहित गरिने छ ।
- सहकारी ऐन नियम बमोजिम सञ्चालन भै कार्यक्षेत्रका ७५ प्रतिशत घरधुरी आबद्ध गर्न सफल तथा सदस्य सेवामा कृयशील सहकारीहरूलाई मापदण्ड बनाइ कदर सम्मान गरिने छ ।
- सहकारी एकीकरण (मर्ज) गर्ने कार्यलाई प्रोत्साहित गरिने छ ।
- नेपाल बैंकसँग पालिकाको अग्रसरतामा सम्झौता गरी विभिन्न उद्यम व्यवसाय सञ्चालन गर्न सहुलियत ऋण प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

## २०) भूमि नीति

- नापी गर्न बाँकी रहेको सिक्रे वस्तिको जग्गा नापी गराउने पहलकदमीलाई निरन्तरता दिइने छ । यस्तै प्रकृतिका अन्य वडामा रहेका जमिनहरूको नापी गर्न पहल गरिने छ ।
- बाँझो राखिएको जग्गा जमिन आवादी बनाउन कार्यविधि बनाएर कार्यान्वयन गर्न पहल गरिने छ ।
- गुठी जग्गाको हक कायम गर्न पहल गरिने छ । सार्बजनिक तथा सरकारी जग्गा बिस्तारै हडप्तै जाने कार्य बढिरहेकोले यस्तो कार्यलाई नियन्त्रण गर्न जग्गाको तथ्याङ्क उतार गरी कार्यवाहीको लागि आवश्यक पहल गरिने छ ।
- मोहीको अधिकार कायम गर्न पहल गरिने छ ।
- भू-उपयोग नीति बनाई भूमी उपयोग र व्यवस्थापनको कार्य थालनी गरिने छ ।
- गाउँपालिकाका सबै वडाहरुको भूवनौट भूमिको क्षमता तथा उपयुक्तता भूमिको मौजुदा उपयोग र आवश्यकता समेतका आधारमा गाउँपालिकाका सबै वडाहरुको भूमिलाई लाई कृषि क्षेत्र,आवासीय क्षेत्र,व्यावसायिक क्षेत्र,औद्योगिक क्षेत्र,खानी तथा खनिज क्षेत्र,वन क्षेत्र,नदी,खोला,ताल,सीमसार क्षेत्र,सार्वजनिक उपयोगको क्षेत्र, साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र,नेपाल सरकारबाट आवश्यकतानुसार तोकिएको अन्य क्षेत्रमा *जग्गा तथा भूमि वर्गिकरण कार्य* सम्पन्न गरी आम नागरिकलाई भूमि समस्या समाधान गर्न आवश्यक पहल गरिने छ ।

## २१) भूकम्प पछिको पुनर्निर्माण

- भूकम्प पछिको पुननिर्माण कार्य सम्पन्न गरिने छ ।
- मठ-मन्दिर, गुम्बा, चर्च र विद्यालयहरू निर्माण कार्य आगामी ५ वर्ष भित्र सम्पन्न गर्न पहल गरिने छ ।

## २२) सरकारी - नीजी साझेदारी कार्यक्रम

- विभिन्न सरकारी निकाय, गैरसरकारी सङ्घसंस्था, प्राइभेट समूहहरूसँग प्रस्तावना तयार गरी आय-आर्जन लगाएतका परियोजना साझेदारीमा सञ्चालन गरिने छ ।

## २३) गैरसरकारी सङ्घसंस्थासँग समन्वय

- गाउँपालिकाका विभिन्न वडाहरूमा शिक्षा, स्वास्थ्य, कृषि, सहकारी, वन तथा वातावरण, महिला तथा बालबालिका क्षेत्रसँग सम्बन्धित कार्यक्रमहरू आपसी समन्वयमा सञ्चलान भै आएका गैरसरकारी सङ्घसंस्थाहरूसँग आपसी समन्वय र सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्ने नीतिलाई अवलम्वन गरिनेछ ।

## २४) खाद्य तथा पोषण सुधार कार्यक्रम

नेपाल सरकार खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना अन्तर्गत खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषि प्रवर्द्धन गर्ने उद्देश्यका साथ सञ्चालन भएको खाद्य तथा पोषण सुरक्षा सुधार कार्यक्रमलाई निरन्तरता दिइने छ ।

## २५) विविध

- सार्वजनिक जग्गा अतिक्रमण गरी निजी प्रयोजनको लागि भोगचलन गर्ने नागरिकहरूलाई स्व-घोषणा मार्फत उक्त जमिन खाली गर्न सुचना मार्फत अनुरोध गरिनेछ ।
- सूचनालाई वेवास्था गरी कसैले सार्वजनिक जग्गाको भोगचलनलाई निरन्तरता दिएमा गाउँपालिकाले उक्त जमिन खालि गराई वालवालिका मनोरञ्जन पार्क, फलफूल वंगैचा लगायत माटो सुहांउदो अन्य कृषि जन्य उत्पादनमा प्रयोग गर्ने नीति कडाईका साथ लागु गरिनेछ ।
- गाउँपालिका भित्र सडक छेउछाउमा नव निर्माण हुने घरहरूले अनिवार्य रूपमा गाउँपालिकाले तोकेको मापदण्ड बमोजिमको निश्चित जमिन छोडेर वासस्थान निर्माण गर्नु पर्ने प्रावधान कडाईका साथ लागु गरीने छ । सो मापदण्ड विपरित आवास निर्माण

गर्ने नागरिकहरूलाई गाउँपालिकावाट प्रदान गरिने पानी, विजुली लगायतका अन्य सेवाहरूवाट वञ्चित हुने बाध्यात्मक नीति अवलम्बन गरिनेछ।

- उपभोक्ताको स्वास्थ्य सुविधा र आर्थिक हित कायम राख्न, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एंव मुल्यको अनियमिताबाट उपभोक्तालाई संरक्षण प्रदान गर्न, थोक तथा खुद्रा विक्रि स्थल र उपभोग स्थल लगायतका ठाउँहरूमा बस्तु वा सेवाप्रदायक वा विक्रेताको व्यावसायिक कारोवारको दर्ता, नविकरण, आपुर्ति, मुल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको नियमन गर्न एक वजार अनुगमन नीति तयार गरी बजार अनुगमन गरिनेछ ।
- मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य स्थापना तथा आमुल परिवर्तन गर्न लिसंखु पाखर गाउँपालिकाबाट आफनो ज्यान उत्सर्ग गर्नुहुने महान सहिदका सन्तती,परिवार तथा वेपता योद्धाका परिवार तथा जनयुद्धमा घाईते भएका महान व्यक्तिहरुको सामाजिक जीवन स्थापना र सम्मान स्वरुप *सहिद परिवार, द्वन्द्व पिडित व्यक्ति तथा घाईते योद्धाहरुको व्यवस्थापन तथा पुर्नःस्थापना कार्यक्रम* सञ्चालन गरिनेछ ।

**अन्त्यमा,**

आर्थिक वर्षको अन्त्यमा आएर असारे विकास गर्ने परिपाटीको अन्त्य गर्दै यसकोलागि आर्थिक वर्षको शुरुमा नै योजना बनाएर काम गर्न सुरु गर्ने र समयमा नै गाउँपालिकाका सबै कार्यक्रमहरू सम्पन्न गरी संघीय सरकारको सुखी नेपाली समृद्ध नेपालको परिकल्पनालाई सार्थकता प्रदान गर्न शिक्षा र कृषि केन्द्रित बजेट मार्फत आफ्ना नागरिकहरूलाई व्यवसायिक बनाउँदै आत्मनिर्भरता तर्फ अग्रसर बनाउने उद्देश्यले यस वर्षलाई ***"स्वालम्बी तथा आत्मानिर्भर नागरिक उत्पादनको प्रयास"***वर्षको रूपमा मनाउने नीति अवलम्वन गरेको छ ।

यसै नीति तथा कार्यक्रमलाई आत्मसाथ गर्दै यस गाउँपालिकाका स्थानीय वासि, समाजसेवी तथा जनप्रतिनिधिहरूले दृढ इच्छा र शक्तिले लागेमा यस गाउँपालिका समृद्ध लिसंखु पाखर गाउँपालिका हुन धेरै समय कुर्न नपर्ने विश्वास हामिले लिएका छौ । "***सानो लक्ष्य लिनु अपराध हो महान् लक्ष्य राख***"भन्ने भनाईलाई मनन् गर्दै सामाजिक सद्भाव र एकताबाट सामुहिक रूपमा विकासको खोजीमा जुट्नु पर्छ तवमात्र आर्थिक संकटले निम्त्याएको प्रतिकुल अवस्थाको बावजुत विकासको रथ अघि बढाउन सकिन्छ भन्ने हाम्रो मान्यता रहि आएको छ । स्थानीय सरकारको नीति तथा कार्यक्रमको

कार्यान्वयनको क्रममा विविध समस्या आईपर्न सक्छन् कुनै पनि समस्याको समाधान कानुनी तवरबाटै हुनुपर्छ। ***बल र छल सदैव घातक मात्र हुन्छ*** र अन्तत यसले निम्त्याउने जटिलता मात्र हो । त्यसैले जटिलताको अन्त्यको लागि यो नीति तथा कार्यक्रम कार्यान्वयनमा लिसंखु पाखर गाउँपालिकाको भुगोलभित्र गोलबद्ध आम नागरिक वुद्धिजिवी, आमाबुवा, दाजु-भाई, दिदी ब हिनी, जनप्रतिनिधि तथा कर्मचारी वर्ग सवै बल र छलको कदम बाट टाढा वसी एकतावद्ध भएर अगाडी वढि ***""स्वालम्बी तथा आत्मानिर्भर नागरिक उत्पादनको प्रयास"*** वर्षलाई सार्थकता प्रदान गरौं भन्ने संकल्पको हामीले आशा गरेका छौं । उच्च मनोवल, सामाजिक एकता, आपासी सहयोगात्मक भावाना र पलपलको सर्तकताले मात्र लिसंखुपाखरको समृद्धि प्राप्त हुनेहुँदा आम लिसंखु पाखरवासी यस कार्यमा दृढ संकल्पित हुँदै लिसंखुपाखरको समृद्धिको प्रयासमा हातेमालो गर्न तयार रहनुहुनेछ  भन्ने अपेक्षा समेत हामीले गरेका छौं । अवस्था प्रतिकुल छ तथापि विकासरूपी आशाको दियोमा इन्धन नथपीरहन हामी सक्दैनौ र विकासरूपी दियोको इन्धन भनेको यसका उपभोक्ताहरूनै हुनेहुँदा यस नीति तथा कार्यक्रमको सतहमा टेकेर बन्ने सम्पूर्ण योजनाहरूको सफल कार्यान्वयनमो आम उपभोक्ताहरूको सक्रिय सहभागिताको अपेक्षा गर्दछु । विकासबाट वञ्चितिका कारण विचलित आम नागरिकका मुहारमा कहिल्यै नमेटिने खुसी वितरणमा हामी सदैव दत्तचित्त भएर अघि बढ्ने कुरामा विश्वस्त रहँदै स्थानीय सरकारको विकास अभियानमा सहकार्यमा जुट्न आम लिसंखु पाखरवासीलाई तयार रहन अनुरोध गर्दछु ।

**धन्यवाद†**

**राजु लामा**
**गाउँपालिका अध्यक्ष**
**लिसंखु पाखर गाउँपालिका**
**सिन्धुपाल्चोक**